"साना किसानको समृद्धि: कृषिको रुपान्तरण र उधमशीलताको विकास"

साना किसान

वर्ष २२ पुर्णाङ्क २७

द्वैमासिक

युवा उद्यमशिलता मार्फत्त कृषिको रुपान्तरण, साना किसान कृषि सहकारी अभियान र अहिलेको अवस्था

जाजरकोटको रामीडाँडाँ केन्द्रविन्दु भएर गएको भूकम्प प्रभावित क्षेत्रमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को पहल तथा सान किसान विकास लघुवित्त वित्तीय संस्था लि.को शाखा कार्यालय सुर्खेतको सक्रियतामा विभिन्न राहत सामग्री पठाइएको छ ।

उक्त घट्नामा परि ज्यान गुमाउनेहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाईतेको शिघ्र स्वास्थ्या लाभको कामना गर्दछौं ।

सहयोग सामग्री

चामल: १ सय ५० बोरा
त्रिपाल: ४ सय १९ थान (विभिन्न साइज)
कम्बल: ४ सय ९३ थान

सहकारी कानुन, सरकारको अभ्यास र सम्भावना

पृष्ठ ७

✎ नमराज घिमिरे*

रजिष्टार, सहकारी विभाग

नेपालमा सहकारी अभियान र यसको उपलब्धि



पृष्ठ ४

✎ मिनराज कँडेल*

अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ नेपाल

हामी उद्यमशीलतामार्फत किसानको आर्थिक, सामाजिक रूपान्तरणको बाटोमा छौँ

पृष्ठ १६

✎ डा. शिवराम प्रसाद कोइराला*

प्रमुख कार्यकारी अधिकृत

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

सहकारीको उपलब्धि मापन गर्ने समय आएको छ, सबैलाई एउटै व्यवहार गर्ने परिपाटी बदल्नुपर्छ

पृष्ठ १२

✎ खेमबहादुर पाठक*

अध्यक्ष, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

प्रमुख सल्लाहकार
खेमबहादुर पाठक

संरक्षक
डा. शिवराम प्रसाद कोइराला

प्रधान सम्पादक
झलेन्द्र भट्टराई

सम्पादक
ईशा के.सी.

सञ्चार सल्लाहकार
संगम महत

नेपालमा साना किसान विकास अभियान र यसको उपलब्धि

पृष्ठ २३

✎ रुद्र भट्टराई *

महाप्रबन्धक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
बबरमहल, काठमाडौँ, नेपाल
फोन नं.: ०१-५३२०५१३, ०१-५५०९६१२, ०१-४१११८४५
Email: info@skbbl.com.np

सम्पादकीय

कृषि उत्पादनको गुणस्तरीयता आजको आवश्यकता

नेपालको कृषि उत्पादन र पशुपालनका क्षेत्रको अभ्यास हेर्दा असल अभ्यासमा आधारित नै थियो । तर, पछिल्ला केही वर्षयता बढ्दो बजारको प्रतिस्पर्धा र व्यावसायीकरणका कारण कृषि तथा पशुपालन क्षेत्रमा विविध प्रविधि र विषादीको प्रयोग बढिरहेको छ । अहिले पनि नेपालका कतिपय गाउँहरूमा कृषि र पशुपालनको अभ्यास हेर्दा असल अभ्यासमा आधारित रहेको देख्न पाइन्छ । छिटो र धेरै आम्दानीका लागि पछिल्लो समय विकास भएका विभिन्न विषादीको प्रयोगले कृषिको असल अभ्यासलाई असर गरिरहेको छ । नेपाल सरकारकाले भारत लगायतका मुलुकबाट नेपाल भित्रने कृषि तथा पशुजन्य उत्पादनको विषादी परीक्षण र क्वारेन्टाइन परीक्षण थालेसँगै यस विषयले थप चर्चा पाएको थियो । खाद्यान्नमा प्रयोग हुने विषादीका कारण मानव स्वास्थ्य र वातावरणमा पर्ने नकारात्मक असरका बारेमा बेलैमा सचेत हुन आवश्यक छ । यदि यस विषयमा समयमै सचेत बन्न सकिएन भने यसको असरले हाम्रो जीवन र दैनिकी नै अप्ठेरोमा पर्न सक्छ । विषादीको प्रयोगलाई उपभोग योग्यसम्म मात्र प्रयोग गर्न सरकारी निकायसहित यस क्षेत्रका अनुसन्धानकर्ताहरूले सुझाइरहेको अवस्थामा नेपालमा असल कृषि अभ्यासको विषयमा बहस सुरु भएको छ ।

कृषि तथा पशुपालन क्षेत्रका लागि मात्र हैन वातावरण र आम नागरिकको स्वास्थ्यका दृष्टिले पनि यो बहसलाई थप प्रभावकारी बनाउनुपर्ने अहिलेको आवश्यकता हो । हाम्रो उत्पादनमा यदि विषादी प्रयोग भयो भने त्यो कुनै न कुनै रूपमा हामीले उपभोग गर्नेछौं जसका कारण हाम्रो स्वास्थ्यलाई असर पर्दै जानेछ । त्यसैले अहिले बहसमा रहेको असल कृषि अभ्यासका विषयमा तपाई हामी सबै जानकार हुन आवश्यक हुन्छ । नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतको खाद्य प्रविधि तथा गुणनियन्त्रण विभागले अहिले असल कृषि अभ्यासका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको छ । विभागले असल कृषि अभ्यासका लागि आवश्यक पर्ने कार्यविधि पनि निर्माण गरिसकेको छ । यसलाई अनुशरण गर्दै अगाडि बढ्न सके यसबाट हुने बहुआयामिक लाभ लिन सकिनेछ ।

पछिल्लो समय मानिसहरू विषादी प्रयोग नभएको उपभोग्य वस्तुहरूको खोजीमा रहेका छन् । यसका लागि असल कृषि अभ्यासबाट उत्पादन गरेको खाद्य सामग्री उपयुक्त विकल्प बन्न सक्छ । यसका लागि कार्यविधिअनुसार कृषि प्राविधिकको प्रत्यक्ष निगरानीमा उत्पादन हुने यस प्रकारको उत्पादनलाई नेपाल सरकारले असल कृषि अभ्यास (GAP) को लोगो प्रदान गर्ने गर्दछ । जसले उपभोक्तामा पनि विश्वास बढ्ने देखिन्छ । यसैगरी, उत्पादकले पनि राम्रो मूल्यमा आफ्नो कृषि सामग्री बिक्री वितरण गर्न सक्नेछन् ।

मानिसहरू पछिल्लो समय आफ्नो स्वास्थ्य बारेमा सचेत बन्न थालेका छन् । त्यसैले खाद्यान्नलाई अधिकतम् प्रांगारिक बनाउन सके उत्पादक र उपभोक्ता दुवैलाई लाभ मिल्नेछ ।

राम्रो काम गर्ने लघुवित्त पनि छन् : अर्थमन्त्री महत

अर्थमन्त्री डा. प्रकाशशरण महतले गरिबी निवारणमा लघुवित्त वित्तीय संस्थाको महत्त्वपूर्ण भूमिका रहेको बताउनुभएको छ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र आरएमडिसी लघुवित्त वित्तीय संस्थाको मर्जरपछि एकीकृत कारोबार शुभारम्भ कार्यक्रममा बोल्नुहुँदै मन्त्री महतले सीमान्तकृत ग्रामीण क्षेत्रका गरिब किसानहरूको आर्थिक अवस्था सुधारमा लघुवित्तहरूले खेलेको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभएको हो ।

सबै लघुवित्तलाई एउटै नजरबाट हेर्न नहुने भन्दै मन्त्री महतले साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले गाउँका किसानहरूलाई गरेको सहयोगको उपलब्धि प्रशंसा गर्न लायक रहेको बताउनुभयो। सीमान्तकृत समुदायलाई सहयोग गर्नु लघुवित्तको मुख्य भूमिका रहेको उहाँले बताउनुभयो ।

मन्त्री महतले लघुवित्तले सानो व्यवसायीको जीवनस्तर वृद्धिमा ठूलो योगदान गरेको भन्दै गरिबीको रेखामुनिका रहेका नागरिकहरूलाई माथि उठाउने गरी काम गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

'सरकारले गरिबी निवारणको लक्ष्यलाई जोड दिँदै सन् २०३० सम्म दिगो विकासको लक्ष्यमा पुग्ने गरी काम गरिरहेको मन्त्री महतले बताउनुभयो ।

गरिबी हटाउने महत्त्वपूर्ण लक्ष्यलाई यो साना किसान लघुवित्त वित्तीय संस्थाले ठूलो भूमिका खेल्नेछ भन्ने मलाई विश्वास छ' मन्त्री डा. महतले भन्नुभयो ।

२०३२ सालदेखि अहिलेसम्म निरन्तर सञ्चालन भइरहेको साना किसान विकास कार्यक्रमको परिमार्जित कार्यक्रम साना किसान विकास लघुवित्त वित्तीय संस्था र आरएमडिसी लघुवित्त एक आपसमा गाभिएर देशकै सबैभन्दा ठूलो होलसेल लघुवित्त बन्नु खुसीको कुरा रहेको बताउनुभयो । उहाँले अरूभन्दा भिन्न संगठन संरचना रहेको साना किसान ' वित्तीय संस्थाले गाउँ-गाउँमा ल्याएको जागरण र रूपान्तरण सिक्नलायक रहेको समेत बताउनुभयो ।

अहिले सहकारी संस्था देशैभरि विस्तार भइसकेको भन्दै उहाँले साना किसान पुग्न बाँकी ठाउँमा अब छिट्टै सेवा विस्तार गर्ने विश्वास व्यक्त गर्नुभयो ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था एक भरपर्दो र विश्वासिलो संस्थाका रूपमा स्थापीत भएकै कारण नेपाल सरकारले समेत आफ्ना केही कार्यक्रम यसैमार्फत कार्यान्वयन गराउँदै आएको बताउनुभयो । ग्रामीण क्षेत्रका साना किसानहरूको जीवनस्तर सुधारमा सिधै संलग्न हुन साना किसान सहकारी मार्फत कार्यक्रम गर्न सहज भएको उहाँले बताउनुभयो । सहकारीमा स्थानीय सहभागी हुने, त्यहीँबाट सानोतिनो पुँजी जम्मा हुने सदस्यबीचबाटै सञ्चालक बन्ने परिपाटी सिक्न लायक अभ्यास रहेको मन्त्री महतले बताउनुभयो ।

साना किसान लघु वित्त वित्तीय संस्थामा अहिले लघुवित्तमा

देखिका समयस्या नरहेको जानकारी आफूले पाएको भन्दै मन्त्री महतले साना किसान यो समस्याबाट टाढा हुनेछ र देशकै उदारणीय रूपमा यो प्रस्तुत हुनेछ भन्ने विश्वास व्यक्त गर्नुभयो ।

मन्त्री डा. महतले साना किसानको जीवस्तर माथि उठाउनुपर्ने यस लघुवित्तको लक्ष्य र चुनौती रहेको बताउनुभयो । उहाँले सरकारको लक्ष्य पनि गरिबी निवारण र गरिबको जीवनस्तर माथी उकास्नु रहेको भन्दै कम ब्याजदरमा किसानलाई कर्जा प्रवाह गर्न सके धेरै समस्याको समाधान हुने बताउनुभयो ।

कार्यक्रममा पूर्वअर्थमन्त्री डा.युवराज खतिवडाले अब लघुवित्त क्षेत्रको कर्जा विस्तार गर्नेभन्दा पनि कर्जा उठाउनमा ध्यान दिनुपर्ने बताउनुभयो ।

बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन संशोधन गरेर भए पनि लघुवित्तलाई विकास बैंकको रूपमा अगाडि बढाउनुपर्न खतिवडाले आवश्यकता औंल्याउनुभयो । उहाँले कानुन संसोधन गरेर संरचना सुधार गरी साना किसान बैंक बनाउनुपर्ने बताउनुभयो । लघुवित्तमा लगाइएको क्याप आगामी मौद्रिक नीतिबाट हटाउनुपर्ने उहाँले आवश्यकता औंल्याउनुभयो ।

लघुवित्तहरू हेर्ने नियामक निकाय छुट्टै हुनुपर्नेमा खतिवडाले जोड दिनुभयो । साथै, साना किसान कृषिमा जोड दिएर अगाडि बढ्न सके गरिब जनताको रेखा सुधार हुनुका साथै कृषि उत्पादन बढ्ने उहाँको तर्क थियो ।

कार्यक्रममा पूर्व गर्भनर दीपेन्द्रबहादुर क्षेत्रीले साना किसानको जीवन रूपान्तरणमा संस्थाले खेलेको भूमिकाको स्वतन्त्र मूल्याकंन हुनुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले भिन्न भिन्न प्रकृतिका दुई लघुवित्त वित्तीय संस्था मर्ज भएपछि अझै प्रभावकारी रूपमा काम गर्न सहज हुने विश्वास व्यक्त गर्नुभयो । दुईढंगबाट सञ्चालन भइरहेका संस्थाहरूको एकताले गरिबी निवारण, ग्रामीण क्षेत्रका नागरिकको आर्थिक अवस्था सुधार र कृषि तथा पशुजन्य उत्पादनमा बृद्धि गर्न ठूलो सहयोग पुग्ने बताउनुभयो ।

कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का अध्यक्ष खेमबहादुर पाठकले नेपालमा गरिबी निवारणमा साना किसान अभियानले खेलेको भूमिकाका बारेमा जानकारी गराउनुभएको थियो । उहाँले कुनै समय गाउँमा कर्जाका नपाउने गरिब किसानहरूलाई सहज र सस्तो कर्जाको पहुँच पुऱ्याउन सकेको बताउनुभयो । कठिन अवस्था पारगर्दै आर्थिक सामाजिक रूपान्तरणमा साना

किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले खेलेको भूमिका प्रशंसा गर्न लायक रहेको बताउनुभयो ।

यसैगरी कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले ७६ जिल्लास्थित ५५२ स्थानीय तहका लघुवित्त संस्था, साना किसान सहकारी र अन्य सहकारी गरी १ हजार ५ सय ७० साझेदार संस्थाहरूमा यस वित्तीय संस्थाको कर्जा रु. ४५ अर्ब पुगेको बताउनुभयो । साना किसान र आरएमडीसीको शेयर आदान प्रदान अनुपात १०० :८७ कायम भए पश्चात चुक्ता पुँजी रु. ३ अर्ब ३३ करोड र कुलपुँजी रु. ८ अर्ब १२ करोड भई पुँजी र कारोबारको हिसाबले सबैभन्दा ठूलो लघुवित्त वित्तीय संस्था बन्न पुगेको जानकारी दिनुभयो ।

साना किसान र आरएमडिसी एकीकृत भएपछि देशकै सबल लघुवित्त बन्यो साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र आरएमडिसी लघुवित्त वित्तीय संस्था लि. को एकीकृत कारोबारपछि देशकै एक सबल लघुवित्त वित्तीय संस्था साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. बनेको छ।

२०८० असार २४ गतेदेखि एकीकृत कारोबार सुरु गरेका दुई लघुवित्त एकीकृत भएपछि ४५ अर्ब २५ करोड कर्जा लगानीसहित कुल सम्पत्ति रु. ४९ अर्ब भएको एक सवल लघुवित्त बन्न सफल भएको हो।

नेपालका ७६ जिल्लामा ५ सय ५२ स्थानीय तहमा यस वित्तीय संस्थाको सेवा पहुँच पुगेको छ। मर्जरपछिको वित्तीय संस्थामा अध्यक्ष साबिक साना किसान विकास लघुवित्त वित्तीय संस्थाको खेमबहादुर पाठक र प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला रहनुभएको छ। यसैगरी सञ्चालकतर्फ दुवै संस्थाका संस्थापक समूहबाट २/२ जना (साना किसानतर्फ खेमबहादुर पाठक र डा. बाबुकाजी थापा तथा आरएमडिसीतर्फ जयेन्द्र विक्रम शाह र समता पन्त (भट्ट) रहनुभएको छ। सर्वसाधारण समूहबाट १/१ जना (उमेश लम्साल र भीमप्रसाद तिमल्सिना) रहनुभएको छ भने बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ ले व्यवस्था गरे बमोजिमको १ (एक) जना स्वतन्त्र सञ्चालक नियुक्ति गरिने भएको छ।

वित्तीय संस्थालाई यो अवस्थामा पुऱ्याउन सहयोग गर्ने नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाहरू, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सहयोगी संघ/संस्थाहरू, साझेदार लघुवित्त वित्तीय संस्थाहरू, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि., साना किसान कृषि सहकारी तथा समान प्रकृतिका अन्य सहकारी संस्थाहरू, पत्रकार मित्रहरू, सम्पूर्ण शुभेच्छुकहरू तथा यसका लक्षित वर्गलाई संस्थाले हार्दिक आभार प्रकट गरेको छ।

एक आपसमा गाभिने (Merger) कार्यमा अथक मिहेनत गर्ने संयुक्त मर्जर समितिका पदाधिकारीहरू, उपसमितिहरू, निवर्तमान एवम् वर्तमान सञ्चालकहरू, दुवै वित्तीय संस्था तथा साझेदार संस्थाहरूका सम्पूर्ण सञ्चालक/कर्मचारीहरू र सहयोग गर्ने सबैलाई धन्यवाद संस्थाले धन्यवाद दिएको छ।

यसैबीच, विपन्न तथा साना किसानहरूको विकासका लागि वित्तीय पहुँच पुऱ्याउने उद्देश्यले नेपाल राष्ट्र बैंकबाट राष्ट्रियस्तरको "घ" वर्गको इजाजतप्राप्त गरी प्रचलित कानुन बमोजिम थोक कर्जा प्रदायक वित्तीय संस्थाको रूपमा बि.सं. २०५८ सालमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. स्थापना भएको थियो। यसैगरी लघुवित्त सेवाको माध्यमबाट ग्रामीण गरिबी न्यूनीकरणमा सघाउ पुऱ्याउने उद्देश्यले नेपाल राष्ट्र बैंक समेतको स्वामित्वमा बि.सं. २०५५ सालमा आरएमडिसी लघुवित्त वित्तीय संस्थाको स्थापना भएको थियो।

लगानीकर्ताहरूको लगानीको सुरक्षाको प्रत्याभूतिसहित समयानुकूल उचित प्रतिफल प्रदान गर्न एवम् कृषिको रूपान्तरण र उद्यमशीलताको विकासमार्फत ग्रामीण रोजगारी सृजना गरी ग्रामीण अर्थतन्त्रको संरचनात्मक सुधार गर्नका लागि एक सबल पुँजीयुक्त उत्कृष्ट लघुवित्त वित्तीय संस्थाको रूपमा स्थापित गर्ने अभिप्रायले दुई संस्थाको मर्जर भएको बताइएको छ।

मर्जर हुने क्रममा शेयर आदान प्रदान अनुपात १००:८७ कायम भएको छ। साबिकको दुवै संस्थाको अलग अलग पुँजीगत आधारमा मर्जरपछि झण्डै दोब्बर अर्थात् चुक्तापुँजी रु. ३ अर्ब ३३ करोड, कुलपुँजी कोष रु. ८ अर्ब १२ करोड, साझेदार लघुवित्त तथा सहकारी संस्थाहरूमा रु. ४५ अर्ब २५ करोड कर्जा लगानी र कुल सम्पत्ति रु. ४९ अर्ब भई पुँजी कोष र कारोबारको हिसाबले एक सबल लघुवित्त वित्तीय संस्थाको रूपमा यो वित्तीय संस्था स्थापित भएको छ। यसका कारोबारमा आबद्ध १ हजार ५ सय ७० साझेदार लघुवित्त तथा सहकारी संस्था रहेका छन्।

नेपालमा सहकारी अभियान र यसको उपलब्धी

मिनराज कँडेल*
अध्यक्ष, राष्ट्रिय सहकारी महासंघ नेपाल

विश्व परिवेशमा नेपालको सहकारी अभियानले छोटो समयमै आफ्नो औचित्य पुष्टि गर्न सफल भएको छ । नेपालमा छोटो समयमै सहकारी अभियान फराकिलो बन्दै जानुले सहकारीको महत्त्व र आवश्यकता बढी छ भन्ने प्रष्ट हुन्छ । अहिले नेपालमा ३२ हजारभन्दा बढी सहकारी संघसंस्थामा करिब ७४ लाखभन्दा बढी सदस्यहरू सक्रिय रूपमा आबद्ध रहनुभएको छ । सहकारीले विशेषगरी पछाडि परेका वर्ग, समुदाय, महिला, दलित, अल्पसंख्यक, सीमान्तकृतहरूलाई आर्थिक, सामाजिक र सचेतना अभिवृद्धिमा उल्लेख्य कार्य गर्दै आइरहेको छ । सहकारीले नेपालको कुल गार्हस्थ उत्पादनमा ५ प्रतिशतभन्दा बढी योगदान गरेको देखिन्छ । आर्थिक समृद्धिका लागि सरकारले अगाडि सारेको तीनखम्बे रणनीतिमा सहकारीलाई एक खम्बाका रूपमा स्वीकार गरिनु सहकारी अभियानका लागि सफलतको कुरा हो । नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रको करिब १७ प्रतिशत हिस्सा रहेको विभिन्न अनुसन्धानहरूले देखाएका छन् । सहकारी क्षेत्रमा अहिले १ लाखभन्दा बढीले प्रत्यक्ष रोजगारी पाइरहनु भएको छ भने लाखौंले अप्रत्यक्ष रूपमा रोजगारी पाइरहनु भएको छ।

सहकारीका अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तमा आधारित रहेर छरिएर रहेको पुँजी, प्रविधि र सीपलाई एकीकृत गरी यसबाट लाभ लिनसक्ने वातावरणको विकास भइसकेको छ। नेपालको सहकारी अभियानले आफ्ना सदस्य, समुदाय र सिंगो मुलुकको आर्थिक सामाजिक रूपान्तरणमा, सांस्कृतिक क्षेत्रको रूपान्तरणमा, वातावरणीय क्षेत्रको रूपान्तरण र सम्वर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्न सफल भएको छ।

विश्व अभियानमा ढिला सुरु भए पनि सहकारी अभियानलाई आर्थिक समृद्धिको एक खम्बाका रूपमा स्वीकार गरी संविधानको प्रस्तावनामै समाजवादप्रति प्रतिबद्ध रहने र समतामूलक समाज निर्माण गर्ने उल्लेख गरिएको छ। यसैगरी, धारा ५० को राज्यको निर्देशक सिद्धान्त र धारा ५१ को अर्थ उद्योग र वाणिज्य नीतिमा सार्वजनिक, निजी र सहकारीको माध्यमबाट मुलुकलाई समाजवादमा पुऱ्याउने, सबै किसिमको आर्थिक असमानताको अन्त्य गर्ने कुरालाई प्रमुखताका साथ उठान गरेको पाइन्छ। संघीयताको कार्यन्वयनसँगै तीनै तहका सरकारको जिम्मेवारी र दायित्वमा सहकारी क्षेत्रका बारेमा स्पष्ट उल्लेख गरिएको छ।

विश्व सहकारी अभियानमा नेपालको सहकारी अभियानले हासिल गरेको सफलताबाट सिक्नुपर्छ भन्ने बहसहरू हुन थालेका छन्।

नेपालको ग्रामीण क्षेत्रसम्म पहुँच विस्तार गरी, अर्थतन्त्र सुधार, पछाडि परेको समुदाय, वर्ग, महिला, सीमान्तकृत, अल्पसंख्याक र लोपोन्मुख समुदायसम्म सहकारीले पुगेर उनीहरूको जीवन रूपान्तरणमा काम गरेको छ । यसको उपलब्धि सन्तोषजनक पनि देखिएको छ।

सन् २०१६ देखि २०३० सम्मलाई दिगो विकास लक्ष्यहरू तय गरेर संयुक्त राष्ट्रसंघले सञ्चालन गरेको अभियानमा

> **नेपालको सहकारी अभियानले आफ्ना सदस्य, समुदाय र सिंगो मुलुकको आर्थिक सामाजिक रूपान्तरणमा, सांस्कृतिक क्षेत्रको रूपान्तरणमा, वातावरणीय क्षेत्रको रूपान्तरण र सम्वर्द्धनमा महत्त्वपूर्ण भूमिका खेल्न सफल भएको छ।**

समेत नेपालको सशक्त उपस्थिति रहेको छ।

अन्तर्राष्ट्रिय महासंघले दिगो विकासका लक्ष्यहरूलाई पूरा गर्न सशक्त ढंगबाट लाग्ने घोषणा गरेसँगै नेपालले पनि यसमा सदस्य राष्ट्का रूपमा आफ्नो उपस्थितिलाई अर्थपूर्ण बनाएको छ।

दिगो विकासका १७ वटा लक्ष्यहरूमा उल्लेख गरिएका जुन कुरा सहकारीसँग सम्बन्धित हुन्छन् ती सबैमा हाम्रो अभियान, साझेदार सदस्य संघसंस्था, केन्द्रीय संघ लगायतहरूमार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिरहेका छौं।

हामीले सहकारीलाई औपचारिक शिक्षामा समेत सहकारी शिक्षालाई समेट्नुपर्छ भन्ने विषयमा पनि बहस र पैरवी गर्दै आएका छौं। यसैको सफलतास्वरूप काठमाडौं विश्वविद्यालयको अनुसन्धान विभागसँग सहकार्य गरेर गरिबी न्यूनीकरणमा सहकारीको भूमिका कस्तो छ भन्ने बारेमा अनुसन्धान भइसकेको छ। अनुसन्धानबाट प्राप्त रिपोर्ट हेर्दा सहकारीले सदस्यहरूको जीवनस्तर सुधार र सामाजिक रूपान्तरणमा ठूलो सहयोग पुगेको देखिएको छ।

सहकारीमार्फत रूपान्तरणका कामहरू अगाडि बढिरहेको समयमा पछिल्लो समय कोरोना महामारी र रुस युक्रेन युद्धपछि अन्य क्षेत्रजस्तै सहकारी क्षेत्रले पनि केही चुनौतीहरू सामना गरिरहेको छ। विश्वव्यापी रूपमा देखिएको आर्थिक संकटको प्रभावस्वरूप केही सहकारी संघसंस्थाहरू तरलताको समस्या पर्नुपऱ्यो। केही सहकारीहरू सहकारीका मूल्य, मान्यता र सिद्धान्तविपरीत सञ्चालन भएका कारण पनि समस्या आएको देखिएको छ। कतिपय सञ्चालकहरूले सहकारीको पैसा आफ्नो व्यक्तिगत स्वार्थमा प्रयोग गरेको, अनुत्पादक क्षेत्रमा लगानी गरेका कारण पनि समस्या भएको हो। समग्र सहकारी क्षेत्रमा हेर्दा धेरै थोरै प्रतिशतमा समस्या भएपनि समस्या समस्या नै हो। यी समस्या पनि आउनुहुँदैन भन्ने हाम्रो मान्यता रहेको छ। यसका लागि सहकारी महासंघले महासंघमा सदस्य रहेका वा नरहेका सबै सहकारीहरूमा सुक्ष्म रूपमा सुशासनको अवस्थालाई अनुगमन गर्दै आएको छ। सहकारीमा रहेको रकम अनुत्पादक क्षेत्रमा लगायकै कारण कतिपय सहकारीका सञ्चालक, कर्मचारीहरूले बचतकर्ताको बचत फिर्ता गर्न सकिरहनु भएको छैन। हामीले बचत फिर्ताका लागि पनि विभिन्न प्रयास र पहलहरू थालेका छौं। महासंघले थालेको यो अभियानले राम्रो नतिजा पनि देखिएको छ।

सरकार, सरोकारवाला निकाय र सहकारीबीचको सम्बन्ध

सरकारले सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक खम्बका रूपमा स्वीकार गरिसकेको अवस्थामा सहकारी अभियान र सरकारबीचको सम्बन्ध अत्यन्तै सुमधुर रहेको देखिन्छ। हामीले सहकारीको हितमा हुने काम र कार्यक्रममा सरकारलाई पूर्ण समर्थन गर्दै सरकार सँगसँगै अगाडि बढिरहेका छौं। सरकार र सहकारीबीचको सम्बन्ध सुधारका लागि आवश्यक बहस, पैरवी हामीले महासंघको तर्फबाट गरिरहेका छौं। अभियानको हितका लागि सरकारसँग लविङ गर्ने सवालमा कुनै कसुर बाँकी नराखेर हामीले काम गरिरहेका छौं। सरकारले पनि सहकारीका बारेमा अभियानलाई साथै लिएर अगाडि बढेको देखिन्छ। कहीलेकाहीं सरकार र अभियानबीच मत बाझिएको अवस्थामा दुवैको हित हुने ढंगबाट हामीहरूले सहजीकरण गर्दै सहकारी अभियानको हितमा सहयोग पुग्नेगरी अधिकतम पैरवी गरिरहेका छौं। यसैगरी नेपालको ग्रामीण क्षेत्रसम्म पहुँच विस्तार गरेको सहकारी क्षेत्रसँग सहकार्य गर्न विभिन्न सहयोगी निकायहरू पनि जोडिरहेका छन्। सहयोगी निकायहरूसँगको सहकार्यलाई पनि हामीले उत्तिकै महत्त्व दिएका छौं। सबैको साझा प्रयास र पहलबाट समग्र सहकारी क्षेत्रको सुधार गर्दै सदस्यहरूको जीवन रूपान्तरणमा सहयोग पुऱ्याउन सकिन्छ भन्ने हाम्रो विश्वास हो। नेपालमा जिआइजेट, वल्ड बैंक, एडिबी लगायतका दातृ निकायहरूले सहकारीको हितमा गर्ने कार्यमा हामी पनि सँगै रहेका छौं।

नेपालको ग्रामीण क्षेत्रसम्म पहुँच विस्तार गरेको सहकारी क्षेत्रसँग सहकार्य गर्न विभिन्न सहयोगी निकायहरू पनि जोडिरहेका छन्।

पछिल्लो समय फेरिएको सरकारी दृष्टिकोण

समाजको समग्र रूपान्तरणमा काम गरिरहेको सहकारी क्षेत्र यही समाजको एक अंग पनि हो । त्यसैले समाजको अवस्था, समाजको चरित्र र समाजमा आउने हरेक समस्याबाट यो अछुतो रहने अवस्था पनि छैन । अहिले समाजमा विश्वव्यापी रूपमा देखिएको आर्थिक अवस्थाको नकारात्मक प्रभाव परिरहेको छ। यसले सहकारी क्षेत्रमा पनि केही समस्या देखियो । यही कारणले सरकारले सहकारी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा केही परिवर्तन आएको हो कि भन्ने हामीले महशुस गरेका छौं । सरकारले सहकारी क्षेत्रलाई अझै नियन्त्रणमुखी ढंगबाट अगाडि बढाउने हो कि भन्ने आशय हामीहरूले बुझिरहेका छौं ।

> **सहकारी क्षेत्रमा पनि केही समस्या देखियो । यही कारणले सरकारले सहकारी क्षेत्रलाई हेर्ने दृष्टिकोणमा केही परिवर्तन आएको हो कि भन्ने हामीले महशुस गरेका छौं ।**

सहकारी क्षेत्र सुधार सुझाव कार्यदल गठन गरेर सरकारले सहकारी क्षेत्रको सुधारका लागि सुझाव माग गरेको छ । त्यस कार्यदलले तत्काल, अल्पकाल र दीर्घकालमा गर्नुपर्ने कामलाई समेटेर सुझाव दिएको छ । अहिले बचत फिर्ता गर्न नसकिरहेका केही सहकारीहरू रहेका छन् । यस्ता सहकारीहरूको हकमा केही कडाइका साथ कर्जा असुली गर्ने र बचत फिर्ता गर्ने सुझावहरू पनि रहेका छन् । यसैगरी सहकारी कर्जा सुरक्षण कोष निर्माणको विषय पनि कार्यदलले दिएको सुझावमा समेटिएको छ । यो सहकारीका बचतकर्ताहरूका लागि सकारात्मक पक्ष हो । तीन तहको सरकार भएका कारण सहकारीको नियमन, अनुगमन, सुपरीवेक्षण र सञ्चालनका विषयमा केही अन्यौलताहरू देखिएको छ । यी कुराहरूलाई पनि मिलाउनुपर्ने आवश्यकता छ । सहकारी सम्भावना भएको क्षेत्र हो । सहकारी आर्थिक रूपान्तरणको एक दरिलो खम्बा हो ।

साना किसान अभियान र यसको उपलब्धि

नेपालको सहकारी अभियानमा साना किसान कृषि सहकारी संस्थाहरूको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ । ग्रामीण क्षेत्रमा सहजै कर्जा प्राप्त गर्न नसकिरहेका गरिब किसानहरूलाई सहज रूपमा कर्जाको पहुँच पुऱ्याई आयआर्जनका काममा संलग्न गराउने कार्यमा साना किसान कृषि सहकारी संस्थाहरूले खेलेको भूमिका प्रशंसनिय रहेको छ । आर्थिक रूपमा मात्र होइन सामाजिक रूपमा, चेतनास्तरको रूपमा र जीवन जिउने अवस्थाको रूपमा पनि अत्यन्तै पछाडी परेका राउटे, मुसहर, ढोम, चमार, बनकरिया, गाइने, कुसुले लगायतको बीचमा पुगेर उनीहरूलाई सहकारीमार्फत मूलधारमा ल्याउने काम साना किसानले गरेका छन् । महिला, दलित, जनजति र पछाडि परेको समुदायमा पुगेर उनीहरूको जीवनमा मात्र होइन समग्र समजको रूपान्तरणमा साना किसानले खेलेको भूमिका उदाहरणीय बनेको हामीले देखेका छौं । युवा उद्यमशीलता, महिलाहरूको सशक्तिकरण र सचेतनाको स्तर माथि उकास्न साना किसानले अग्रणी भूमिका खेलेका छन् । यो अभियान मार्फत नेपालको गरिबी निवारण गर्न, समाजवादमा अगाडि बढाउन र दिगो विकास लक्ष्य हासील गर्न पनि साना किसान सहकारीहरूले सदस्य मार्फत ठूलो योगदान गरेका छन् । अहिले नेपालमा सक्रिय १८ वटा केन्द्रीय संघमध्ये १२ वटा कृषिसँग सम्बन्धित संघहरू रहेका छन् । उनीहरूले कुनै न कुनै रूपमा सदस्यहरूको आर्थिक, सामाजिक र सचेतनको स्तरवृद्धिका लागि काम गरिरहेको पाएका छौं । अहिले साना किसान लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. ले आफ्ना सदस्यहरूमा गरेको कामको उपलब्धि देखेर वल्ड बैंक, एडिबी, नेपाल सरकार, बाग्मती प्रदेश सरकार लगायतले सहयोग गर्ने वतावरण बनेको छ । यो सहकारी अभियानकै लागि खुसीको कुरा हो । युवाहरू विदेशिने र पलायन हुने जुन अवस्था देखिएको छ । यसलाई रोक्न यदि कसैले सक्छ भने सहकारीले मात्र सक्छ भन्ने हाम्रो बुझाइ रहेको छ । सहकारीमार्फत युवा उद्यमशीलता र आयआर्जनका काममा लगान सके नेपालका युवा नेपालमै कृषि उद्यममा आकर्षित हुने देखिन्छ । यसैगरी, अन्य बचत तथा ऋण सहकारी, दुग्ध, तरकारी, उखु, जडीबुटी लगायतका सहकारीका केन्द्रीय निकायहरूले पनि सदस्यहरूको हितमा काम गरिरहेका छन् ।

- मिनराज कँडेलसँगको कुराकानीमा अधारित

सहकारी कानुन, सरकारको अभ्यास र सम्भावना

✍ नमराज घिमिरे*

रजिष्टार, सहकारी विभाग

नेपालको संविधानले समाजवाद उन्मुख अर्थतन्त्र निर्माणको एउटा सशक्त खम्बाका रूपममा सहकारी क्षेत्रलाई लिएको छ। पछिल्लो समय सहकारी क्षेत्रमा केही अप्ठ्यारो अवस्था आयो । जसको परिणामस्वरूप अहिले केही सहकारीका सदस्यहरूको गुनासो आइरहेको छ। नेपालको अर्थतन्त्रमा सहकारी क्षेत्रको ठूलो योगदान रहेको छ । नेपालको वित्तीय क्षेत्रमा १८-१९ प्रतिशत सहकारी क्षेत्रले योगदान गरिरहेको छ । यसैगरी कुल गार्हस्थ उत्पादनमा सहकारी क्षेत्रको ५ प्रतिशत योगदान रहेको छ । अहिले देशभरमा करिब ३२ हजार सहकारी दर्ता भएको तथ्यांक छ। यसमा करिब ७३ लाखभन्दा बढी सदस्यहरू सहकारीमा आबद्ध रहेका छन् । सहकारीमा आबद्ध मध्ये ५० प्रतिशतभन्दा बढी महिला सहभागिता रहेको छ। देशको अर्थतन्त्रमा व्यापार व्यवसाय विस्तार गर्न र उत्पादनमा आधारित कार्य गर्ने सवालमा सहकारीको योगदान महत्त्वपूर्ण रहेको छ।

सहकारीको समस्या केवल सहकारीमा मात्र उत्पति भएको समस्या होइन । यसको बहुआयामिक क्षेत्रसFग सम्बन्ध रहेका कारण यसलाई पनि बहुआयामिक तह र तप्काबाट प्रभाव परेको देखिन्छ ।

सहकारीका आफ्ना केही आन्तरिक कमी कमजोरी र बाह्य रूपमा विश्व आर्थिक मन्दी र कोभिडको कारण पनि सहकारी क्षेत्रमा केही तरलता देखिएको छ।

वित्तीय तरलताको आवस्थासँगै आन्तरिक सुशासनक राम्रो नभएका सहकारीहरूमा समस्या आउन थाल्यो। सहकारीका सञ्चालकहरूले बचतकर्ताको बचत अन्यत्रै प्रयोग गरेका कारण बचतकर्ताको बचत फिर्ता गर्न सकेनन् । यो कुराहरू जब बाहिर आयो त्यसपछि धेरैले सहकारीमा ठूलै समस्या आयोजस्तो गरी बुझ्नुभयो। जुन वास्तविक होइन। विभिन्न माध्यमबाट सहकारी क्षेत्रको समस्याको जानकारीहरू बाहिर आयो यसपछि बचतकर्ता र बजारमा सहकारीप्रति अविश्वासको वातावरण बन्न पुगे । यही अविश्वासको कारणले बचतकर्ताहरूले आफ्नो बचत फिर्ता माग्न थाल्नुभयो। यसले एकैपटक बचत फिर्ता गर्न सकिने अवस्था रहेन । जब तरलता बढ्न थाल्यो तब बचतकर्ताहरू फिर्ता माग्न आउन थाल्नुभयो यस्तो अवस्थामा सहकारीमा पनि बचत फिर्ताको चाप बढ्यो। अन्य बैंक तथा वित्तीय संस्थमा जस्तो सहकारीमा तरलता व्यवस्थापनको राम्रो व्यवस्था नरहेका कारण हामीले तत्काल समस्या समाधान गर्न सकेनौं।

यही विचमा केही सहकारी संस्थाका सञ्चालक शेयर सदस्यहरूले घरजग्गा लगायतका क्षेत्रमा सहकारीबाट कर्जा लिएर लगानी गरेका कारण पनि त्यस क्षेत्रका उतारचढावले सहकारी क्षेत्रलाई पनि प्रभाव पारेको देखिन्छ।

सहकारीमा समस्या आउनुको अर्को कारण सञ्चालकहरूको नियतवश बदमासी पनि देखिन्छ । सञ्चालकहरूले सहकारीलाई पैसा संकलनको माध्यम बनाउनुभयो । विभिन्न बचतकर्ताहरूको बचत सीमित सञ्चालक, उनका आफ्नो नजिकका मान्छे र आफ्ना मान्छेलाई मात्र कर्जा लगानी गर्न थाले यसले अर्को समस्या हुन थाल्यो।

सहकारीमा जम्मा भएको पैसा उत्पादनमूलक व्यवसायमा भन्दा पनि अन्य व्यापार व्यवसायमा लगानी भयो। यी व्यवसायमा विश्वमा आएको मन्दीले प्रभाव पर्‍यो । सहकारीको समस्या केवल सहकारीमा मात्र उत्पति भएको समस्या होइन। यसको बहुआयामिक क्षेत्रसँग सम्बन्ध रहेका कारण यसलाई पनि बहुआयामिक तह र तप्काबाट प्रभाव परेको देखिन्छ।

नेपाल सरकारले यो समस्यालाई सूक्ष्म विश्लेषण गरेर आफ्नो भूमिका र दायित्वअनुसार काम सुरु गरको छ । नेपाल सरकारले सहकारी क्षेत्रका समस्या समाधान दिर्घकालसमम्का लागि समाधान गनै गरी कार्य अगाडि बढाएको छ। अब सहकारीमा समस्या नदोहोरियोस् भन्नका लागि नीतिगत व्यवस्था, संरचनागत व्यवस्था र अन्य क्षेत्रमा के गर्नुपर्ने हो त्यस बारेमा समेत सरकारले काम सुरु गरिसकेको छ। सहकारीको समस्या समाधानका लागि राष्ट्रिय योजना आयोगका सदस्यको संयोजकत्वमा कार्यदल गठन गरेर सुझाव लिएका छौँ । यस कार्यदलले आफ्नो प्रतिवेदन नेपाल सरकारलाई बुझाइसकेको छ।

प्रतिवेदनमा तत्काल गर्नुपर्ने, अल्पकालमा गर्नुपर्ने र दिर्घकालमा गर्नुपर्ने सुझावहरू स्पष्ट रूपमा समेटिएको छ।

समस्यामा रहेका सहकारीका सञ्चालकहरूको पहिचान गरि सहकारीमार्फत पैसा हिनामिना गर्ने सञ्चालकलाई नियन्त्रणमा लिएर बिगो र जरिवाना गर्नेसम्मको

कारबाही सिफारिस गरिएको छ । यति गर्दा पनि बचतकर्ताको बचत फिर्ता हुने वातावरण नभए उनीहरूको स्वामित्वमा रहेको सम्पत्तिमार्फत भए पनि सहकारीको बचतकर्ताको बचत फिर्ता गराउने सुझावहरू आएका छन् ।

घरजग्गा र शेयरमा लगानी गरेकाहरूको हकमा मंसिरसम्ममा आफ्नो सहकारीको श्वेतपत्र जारी गर्नुपर्ने र यसमा संस्थाको दायित्व र स्वामित्वको विवरणसमेत पेश गर्नुपर्ने उल्लेख गरिएको छ। २०८० चैत्र मसान्तसम्ममा सहकारीका माग्नेजती बचतकर्ताको रकम फिर्ता गर्ने गरी कार्य योजना पेश गर्न भनिएको छ । यसैगरी, जसले नियतवश सहकारीलाई पैसा संकलनको माध्ययम बनाएको छ, आर्थिक अनियमितता गरेको छ, वित्तीय अनुशासन उल्लंघन गरेको छ, आफ्ना व्यवसायमा पैसा लगानी गरेर पैसा हिनामिना गरेको छ, त्यस्ता सहकारीका सञ्चालकहरूलाई पक्राउ गर्ने र बचतकर्ताको रकम फिर्ता गराउने सम्मको काम गर्ने गरी हामी अगाडि बढेका छौँ ।

अहिले सहकारी विभागको सिफारिसमा १५ वटा सहकारीलाई समस्याग्रस्त सहकारी घोषणा गरेका छौँ । १५ वटा सहकारी संस्थामध्ये २ वटा सहकारीको काम समस्याग्रस्त सहकारी व्यवस्थापन समितिले गरिरहेको छ । हामीले जुन सहकारी समस्यामा पर्छ त्यो सहकारीको व्यवस्थापन गर्ने विज्ञ सहितको एउटा समिति बनाउने र त्यसले निश्चित अवधिमा कार्य गर्ने गरि जिम्मेवारी दिने गरी व्यवस्थापन गर्न पर्ने देखिन्छ ।

हामीले जुन सहकारी समस्यामा पर्छ त्यो सहकारीको व्यवस्थापन गर्ने विज्ञ सहितको एउटा समिति बनाउने र त्यसले निश्चित अवधिमा कार्य गर्ने गरि जिम्मेवारी दिने गरी व्यवस्थापन गर्न पर्ने देखिन्छ ।

पछिल्लो समय सहकारीमा बदमासी गर्नेहरूलाई कारबाही गर्ने प्रबन्ध त्यति राम्रो भएन, प्रभावकारी भएन भन्ने गुनासो पनि हामीले सुनेका छौँ । यस्तो होइन सहकारी ऐन २०७४ ले सहकारी क्षेत्रको सुधारका लागि धेरै राम्रो व्यवस्था गरेको छ । ऐनमा सहकारी क्षेत्रको बचत तथा कर्जा सुरक्षणकोष पनि हो । यो कोष स्थापनाका लागि हामीले सरकारलाई बुझाएको प्रतिवेदनमा तत्काल गर्नुपर्ने बुँदामा उल्लेख गरेका छौँ । यसमा प्रधानमन्त्रीज्यूले पनि अत्यन्तै चासोका साथ सकारात्मक प्रतिक्रिया दिनुभएको छ । यसमा नेपाल सरकारले आफ्नो तर्फबाट गर्नुपर्ने लगानी गरेर बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्छ र यो कोष सञ्चालनमा आइसकेपछि कुनै पनि सहकारी संस्था धराशायी भयो, बिग्रियो वा खारेज हुने अवस्था आयो भने त्यस्ता सहकारी संस्थामा बचत गरेका बचतकर्ताको ३ लाखसम्मको बचत फर्ताको ग्यारेन्टी नेपाल सरकारले गर्छ । यसले साना बचतकर्ताहरूलाई सहकारीमा करोबार गर्दा रकम डुब्छ कि भनेर डराउनु पर्दैन । ऐनको दफा १२४ को व्यवस्थामा कुनै पनि सहकारीका सञ्चालकले सहकारीमार्फत जतिहिना मिनाह गरेका छन् त्यति नै बिगो र जरिवाना भराउने व्यवस्था छ ।

यसैगरी १ देखि १० वर्षसम्मको कैद हुने व्यवस्था रहेको छ । सहकारीमा बदमासी गर्ने कसैलाई पनि कुनै छुट हुँदैन, विदेश भागेर बसेकै भए पनि त्यहाँबाट पक्राउ गरेर ल्याउन सकिन्छ।

केहीलाई हामीले विदेशबाट ल्याइ पनि सकेका छौं। पछिल्लो समय सहकारीमा अर्को समस्या पनि छ। सहकारीबाट ऋण लिएर ऋण नतिर्ने नतिरे पनि पनि हुन्छ भन्ने किसिमको भनाइ र सोचको विकास भएको पाइएको छ। यदि कसैले यही लहलहैमा लागेर सहकारीबाट कर्जा लिएर कर्जाको म्याद गुज्रिसकेको छ भने धितो भए धितो लिलाम गरेर कर्जा असुली गर्न सकिन्छ। यदि धितो छैन भने ऋणीको जायजेथाबाट असुल हुने गरी प्रक्रिया अगाडि बढाउन सकिन्छ। नेपाल सरकारले सहकारीमा पैसा जम्मा गरेर बचतकर्ताहरूको बचत सुरक्षाको निमित्त आवश्यक कानुनले दिन सक्ने सम्पूर्ण प्रक्रिया अगाडि बढाउन कुनै कसुर बाँकी नराख्ने गरी काम गरिरहेको छ। अबका दिनमा बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाहरूलाई वर्गीकरण गरेर उनीहरूलाई हेर्ने छुट्टै एउटा दोस्रो तहको नियामक निकाय गठन गर्ने सम्मको कुरा नेपाल सरकारले बजेटमा व्यवस्था गरेको छ।

ग्रामीण क्षेत्रमा सहकारी अभियानमार्फत तल्लो तहका नागरिकको आर्थिक उपार्जनको निमित्त साना किसान विकास लघुवित्त वित्तीय संस्था लि., नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. र यसका सञ्जालमा रहेका संघ संस्थाहरूले गरेको कार्य प्रशंसनीय रहेको छ। यसको प्रभाव अत्यन्तै राम्रो देखिएको पाइन्छ।

नेपालका ७६ वटा जिल्लामा आफ्नो सञ्जाल विस्तार गरेको साना किसान लघुवित्त वित्तीय संस्था र साझेदार सहकारी संस्थाहरूको कामलाई हामीले पनि हेरेका छौं।

साना किसानहरूलाई वित्तीय पहुँचमा ल्याई उनीहरूको व्यावसायिक विकाससँगै आयआर्जन बढाई गरिबी न्यूनीकरणमा साना किसानले खेलेको भूमिका महत्त्वपूर्ण छ। नेपाल सरकारले पनि साना किसानसँग सहकार्य गरी आफ्ना कार्यक्रम गाउँतहसम्म देखिने गरी पुऱ्याउन सकेको छ। किसानहरूले लाभ लिन सक्नेगरी साना किसानमार्फत सरकारले अगाडि बढाएका कार्यक्रमलाई उत्कृष्ट रूपमा सम्पादन गर्ने कार्य भएको छ। विभिन्न विषयगत सहकारीका केन्द्रीय संघहरूले पनि पछाडि परेको समुदाय, दलित, महिला, सीमान्तकृत, अल्पसंख्याक सबैलाई समेट्दै आफ्ना काम र कार्यक्रम गरिरहेको कुरा सकारात्मक मान्न सकिन्छ। अर्थतन्त्रको एक खम्बाका रूपमा रहेको सहकारीलाई हामीले पनि उत्तिकै महत्त्व दिएर सँगसँगै अगाडि बढ्ने प्रण गरेका छौं। नेपालका ७६ वटा जिल्लामा आफ्नो सञ्जाल विस्तार गरेको साना किसान लघुवित्त वित्तीय संस्था र साझेदार सहकारी संस्थाहरूको कामलाई हामीले पनि हेरेका छौं। यसको प्रभाव अत्यन्तै प्रभावकारी र सिक्न लायक रहेको छ। सहकारीमार्फत आर्थिक सामाजिक रूपान्तरणका कार्यहरू भइरहेका छन्। यस अभियानका नकारात्मक पक्ष र अभ्यासहरूलाई हटाएर सकारात्मक रूपान्तरणका लागि हामी सबै लाग्न आवश्यक छ।

- नमराज घिमिरेसँगको कुराकानीमा आधारित

लेख

किसान, कृषि र आर्थिक समृद्धि

✍ डा. प्रकाशकुमार श्रेष्ठ*
कार्यकारी निर्देशक,
आर्थिक अनुसन्धान विभाग, नेपाल राष्ट्र बैंक

अहिले आर्थिक समृद्धिको अभिलासा सबैमा रहेको छ। समृद्धि हुन सकेन र भएन भनेर निराश हुने तप्का पनि ठूलै रहेको छ। निराश भएर देश छोड्ने युवाहरूको लर्को पनि लागेको छ। यस अवस्थामा समृद्धिको बारेमा बहस र छलफल हुनु जरुरी छ। समृद्धि हासिल गर्न अर्थतन्त्रमा बहुआयामिक परिवर्तन हुनुपर्दछ। मानिसहरूले काम पाउनु पर्दछ, गर्नुपर्दछ र कामअनुसार आम्दानी गरेर गरिबीको दुष्चक्रबाट पार पाउँदै प्रतिव्यक्ति आय बढ्नुपर्दछ। फलस्वरूप, अभाव र गरिबीको अवस्थाबाट मुक्त भई उच्च जीवनस्तर हासिल गर्न सक्नुपर्दछ। समृद्धिको चाहना भए पनि यथार्थमा यससम्बन्धी गहन बहस, छलफल र प्रयास भने खासै भएको पाईंदैन।

विश्वको विकसित र सम्पन्न देशहरूको इतिहास हेर्‍यो भने उनीहरूको पनि कुनै समय कृषिमा आधारित अर्थतन्त्र थियो। समयक्रममा रूपान्तरण हुँदै कृषिबाट औद्योगीकरण र त्यसपछि सेवा क्षेत्रको विकास गरी आर्थिक र भौतिक विकासको चरमचुलीमा पुगेका छन्। आर्थिक र भौतिक विकास भए पनि मानिसहरू सामाजिक र मानसिक रूपमा कति सन्तुष्ट छन र कति खुसी छन् भने कुरा अर्को बहसको विषय हुन सक्छ। तर, यस लेखले कसरी कृषि पेशामा संलग्न भै समृद्धि हासिल गर्न सकिएला भने सवालमा केही चर्चा गर्ने प्रयास गरेको छ।

नेपाली अर्थतन्त्र कृषि क्षेत्रको अझै पनि ठूलो हिस्सा रहेको छ। कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादनमा हिस्सा घट्दै गए पनि अझै एक चौथाइको हाराहारीमा रहेको छ। अर्थतन्त्र रूपान्तरण हुने क्रममा कृषिको हिस्सा घट्दै जानु स्वाभाविक मानिन्छ। विकसित देशहरूमा कृषि कर्ममा लाग्ने र यसले अर्थतन्त्रमा योगदान दिने हिस्सा ज्यादै कम हुन्छ। तर, उत्पादकत्व बढी भएकोले जनसंख्याको सानो हिस्सा कृषि पेशामा लागे पनि आन्तरिक अर्थतन्त्रलाई मात्र होइन निर्यात गर्न पुग्ने गरी उत्पादन हुने गर्दछ।

हुनत अर्थतन्त्रको समग्र समृद्धिको लागि कृषि क्षेत्रको विकासले मात्र पुग्दैन। यसको अतिरिक्त औद्योगिक क्षेत्र र सेवा क्षेत्रको विकास र विस्तार हुनु पर्दछ। तर, अर्थतन्त्रको सुरुवाती रूपान्तरण कृषिमा आश्रित श्रम अन्य क्षेत्रमा हस्तान्तरण र कृषि क्षेत्रको उत्पादनबाट हुने बचतको प्रयोग गरी अन्य क्षेत्रमा हुने लगानीले सिर्जना गर्ने पुँजी निर्माणको माध्यमबाट हुँदै जाने हो। प्रायः सबै देशहरूको विकासको सुरुवाती चरण कृषि क्षेत्रको रूपान्तरण हुँदै अन्य क्षेत्रको विकासबाट भएको देखिन्छ। फेरि कृषि क्षेत्र जीवन बाँच्नको अति महत्त्वपूर्ण क्षेत्र पनि हो। कृषि क्षेत्रबाट प्राप्त खाद्यान्न र खानेकुराहरू नभई मानिसहरू बाँच्न सक्दैनन्। कृषिले खाद्यान्नको अतिरिक्त औद्योगिकरणको लागि थुप्रै कच्चापदार्थ पनि उपलब्ध गराउँछ। वास्तवमा विश्वमा औद्योगीकरणको सुरुवात कृषि क्षेत्रले प्रदान गर्ने कच्चा पदार्थको प्रशोधनबाट सुरु भएको पाइन्छ। मानिसहरूको आधारभूत आवश्यकता गाँस, बास र कपास पूरा गराउनको लागि कृषि क्षेत्रको गहन भूमिका हुने गर्दछ।

नेपालमा कृषि क्षेत्रको उत्पादनको हिस्सा राष्ट्रिय अर्थतन्त्रमा घट्दै गए पनि अझै ठूलै तप्का कृषि क्षेत्रमा निर्भर रहेका छन्। भर्खरै प्रकाशित राष्ट्रिय कृषि गणना २०७८ का अनुसार करिब ४१ लाख घरपरिवारहरू कृषि कर्ममा संलग्न रहेका छन् जुन कुल घर परिवारको ६२ प्रतिशत हुन आउँछ। जनसंख्याको हिसाबले अझै दुईतिहाइ कृषि पेशामा संलग्न छन्। कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको घट्दो हिस्सा तर घरपरिवारको ठूलो हिस्सा कृषि क्षेत्रमा रहेको संलग्नताले यस क्षेत्रको उत्पादकत्व कम रहेको देखाउँछ। उत्पादकत्व कम हुँदा आम्दानी कम हुने हुन्छ यसले गर्दा युवा पिढी कृषि क्षेत्रबाट पलायन भइरहेको छ।

कृषि क्षेत्रमा थुप्रै समस्याहरू र जोखिम रहेकोले पनि उत्पादन र उत्पादकत्व कम रहन गएको छ। पर्याप्त सिँचाइ, उन्नत बिउ, प्राविधिक सहयोग र नयाँ प्रविधिको प्रयोग कम रहेको

छ। त्यसमा पनि किसानहरू आफ्नो उत्पादनको बजारीकरण गर्न सकिरहेका छैन । एक त परम्परागत निर्वाहमुखी खेती प्रणालीको बाहुल्यताले गर्दा बजारमा आपूर्ति गर्ने गरी उत्पादन हुँदैन । हालका वर्षहरूमा कृषि फर्महरू खोलेर व्यवसायिक रूपमा कृषि कर्म गर्ने प्रयासहरू पनि भएका छन् । यस्तो अवस्थामा पनि कृषि उपजहरू उचित मूल्यमा विक्री गर्न किसानहरूले नपाइरहेको पाइन्छ। बजारसँग सहज पहुँच नहुँदा बिचौलियाहरू हावी भएको देखिन्छ । एकातर्फ उपभोक्ताहरूले कृषि उपजको बढी मूल्य तिर्नु परिरहेको स्थिति छ भने सोही समय किसानहरूले लागत पनि नउठ्ने गरी आफूले उत्पादन गरेको कृषि उपज बिक्री गर्नु परेको स्थिति छ। यस्तो अवस्थाले पनि कृषि पेशाप्रति मानिसहरू आकर्षित हुन नसकिरहेको स्थिति छ।

कृषि उपजहरू उत्पादन भइसकेपछि लामो समय संरक्षित गरेर राख्न नसकिने, यसको लागि पर्याप्त कोल्डस्टोरहरूको व्यवस्था पनि नभै सकेको अवस्थाले गर्दा कृषि उपज उत्पादन गरिसके पछि एकैचोटि बजारमा आपूर्ति गर्दा मूल्यमा कमी आउने भई किसानहरूले मेहनत अनुसारको आम्दानी गर्न पाइरहेका छैनन्। बजारमा मूल्य बढेको अवस्थामा आफूसँग बजारमा बेच्नको लागि कृषि उपज सुरक्षित भण्डारण गरेर राख्नसक्ने अवस्था कम रहेकोले पनि किसानहरूले बजारमा मूल्य बढ्दा पनि फाइदा लिन सकिरहेका छैनन् ।

नेपालको भौगोलिक अवस्थाअनुसार विविध खालका कृषि उत्पादन गर्न सकिने देखिन्छ । यससँग जोडिएर पशुपालन पनि गर्न सकिन्छ । तर, अब परम्परागत ढंगले निर्वाहमुखी खेती प्रणालीले समृद्धि हासिल हुन सक्दैन । उच्च मूल्य पर्ने कृषि उपजहरू उत्पादन गर्ने, प्रशोधन गरेर मूल्य अभिवृद्धि गर्ने र बजारमा पहुँच वृद्धि गरेर उचित मूल्य प्राप्त गर्नसक्ने हो भने कृषि पेशाबाट पनि मनग्ये आम्दानी गर्न सकिन्छ । व्यावसायिक ढंगले आधुनिक प्रविधिको प्रयोग गरेर कृषि कार्य गर्ने हो उत्पादन र उत्पादकत्व बढाउन सकिन्छ।

नेपालको भौगोलिक अवस्थाअनुसार विविध खालका कृषि उत्पादन गर्न सकिने देखिन्छ । यससँग जोडिएर पशुपालन पनि गर्न सकिन्छ ।

कृषि क्षेत्रमा रहेका समस्याहरू समाधान गर्न तीनै तहका सरकारहरूको सहयोग र सक्रियता, साना किसान सहकारीहरूमार्फत एकलभन्दा सामूहिक रूपमा कृषि कार्य गर्ने हो भने पक्कै पनि कृषिमा आकर्षण बढ्ने भई कृषि उत्पादनमा नेपाल आत्मनिर्भर बन्न सक्छ। नेपालमा अहिले अर्बौं रूपैयाका कृषि उपजहरू आयात भै रहेको सन्दर्भमा कृषि उत्पादनको बजार प्रशस्त रहेको प्रमाणित गर्दछ। नेपालले वर्षमा रु २ खर्ब जति कृषिजन्य उपज आयात गर्ने गरेको छ। उच्च मूल्यका कृषि उपजहरू उत्पादन गरी प्रशोधन गर्न सकेमा औद्योगीकरणको विस्तार हुन गई विदेशमा निर्यात गर्न सक्ने प्रशस्त सम्भावना रहेको छ । उदाहरणको लागि प्रशस्त दूध उत्पादन गरी मिल्क चकलेट बनाएर विश्व बजारमा बेच्न सकिन्छ। त्यस्तै, तरकारी र फलफूलहरू कृषि उत्पादन गर्न नसकिने मध्यपूर्वका खाडी देशहरूमा बेच्न सकिन्छ।

विश्व बजारमा प्रतिस्पर्धी हुन आधुनिक प्रविधिको प्रयोग गर्दै व्यावसायिक ढंगले कृषि कार्य गर्न सक्ने हो भने उत्पादन लागत कम गर्नुपर्ने खाँचो छ । लागत कम गर्न सकिएमा मात्र कृषि पेशाबाट बढी नाफा गर्न सकिन्छ । यसको लागि ठूलो स्तरमा कृषि कार्य गर्नुपर्ने हुन्छ । पहाडी क्षेत्रबाट तीव्र बसाईंसराइ भएको अवस्थामा खाली भएका कृषि भूमिहरू भूमि बैंकको अवधारणाअनुरूप व्यावसायिक खेतीको लागि उपलब्ध हुने व्यवस्था गर्नु जरुरी छ । अहिले यस्ता पहाडी जिल्लाहरूमा कृषि भूमिहरू बाँझो राख्ने प्रवृत्ति बढ्दो छ।

वास्तवमा कृषिको रूपान्तरणबाट किसानको जीवनस्तरमा सुधार मात्र होइन देशको समग्र आर्थिक समृद्धिको प्रशस्त सम्भावनाहरू रहेको छ। तसर्थ, यस क्षेत्रमा रहेका समस्याका समाधान गर्दै सम्भावनाको उच्चतम उपयोग गर्नतर्फ किसानहरू मात्र होइन राज्य संयन्त्रले पनि सहयोग पुराउनु पर्दछ । यसको लागि कृषिमा लगानी बढाउन कर्जा पहुँच पुऱ्याउन बैंक तथा वित्तीय संस्थाहरूले पनि सक्रिय भूमिका खेल्नु पर्दछ।

अन्तरवार्ता

सहकारीको उपलब्धि मापन गर्ने समय आएको छ, सबैलाई एउटै व्यवहार गर्ने परिपाटी बदल्नुपर्छ



खेमबहादुर पाठक*

अध्यक्ष, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

१) **नेपालमा सहकारी अभियान अहिले कुन अवस्थामा पुग्यो भन्नुहुन्छ ?**

नेपालमा सहकारीताको सुरुवात धेरै पहिलेदेखि भए पनि औपचारिक रूपमा सहकारीको सुरुवात चितवनबाट भएको पाइन्छ । बखान सहकारीको स्थापनासँगै सुरु भएको नेपालको सहकारी अभियान आजको अवस्थासम्म आइपुग्दा धेरै ठूलो बनिसकेको छ । सहकारीको व्यापकतासँगै ग्रामीण क्षेत्रमा गरिब किसानहरू आयआर्जनसँग जोडिनुभएको छ । युवा उद्यमशीलता, महिला नेतृत्व विकास आर्थिक सामाजिक रूपान्तरणका काम पनि भएका छन् । यसै समयमा समग्र देश र विश्वमा अर्थतन्त्रमा प्रभाव पर्दा नेपालको सहकारी अभियानमा पर्दैन भन्न सकिन्न । यस्तो अवस्थामा सहकारीको नेतृत्वले कस्तो भूमिका खेल्छ भन्नेले अर्थ राख्छ । महासंघ, विषयगत केन्द्रीय संघहरू, प्रदेश, जिल्ला संघहरूलाई हामीले सचेत गराउनुपर्ने अवस्था आएको छ । सहकारी अभियानलाई कुन दिशामा लैजाने भन्ने दायित्व नेतृत्वको हुन्छ । हामीहरूले आफू मातहतका सदस्य संस्थाका सदस्यहरूलाई संस्थाप्रति आशा, विश्वास र भरोसा दिलाउने काम गर्नुपर्ने हुन्छ । यो समयमा तल्लो तहमा रहेका सदस्यहरूकोमा पुग्नुपर्ने आवश्यकता छ । तर, यस काममा अभियानका नेतृत्व कतै चुकेको हो कि भन्ने मलाई लागेको छ । अहिले सदस्यहरूले बचत फिर्ता पाइनँ, शेयर फिर्ता गरौं भनेर संस्थाहरूमा जानुभएको छ । सरकारलाई सहयोग माग्नुभएको छ । माइतीघरमा धर्ना र जुलुस सबैले देखेको कुरा हो । कतिपय सञ्चालक कर्मचारीहरू भागिरहनु भएको छ ।

यस्तो अवस्था ज्यादै थोरै संस्थाहरूमा देखिएको छ । तर, धेरैको मनमा देशैभरका संस्थाहरू यस्तै हुन् कि भन्ने भ्रम परिरहेको छ । यसकारण पनि अभियानको नेतृत्व यस्ता कुराहरूलाई चिर्न लाग्नुपर्ने हुन्छ । जहाँ घाउ छ त्यहीँ उपचार गर्ने परिपाटीको विकास गर्नु अहिलेको अपरिहार्य आवश्यकता हो । घाउ औंलामा हुन्छ हामी शरीर नै खत्तम भो भन्ने जस्तो गरी धारणा बनाइरहेका छौं । यस्तो होइन । म महासंघको सञ्चालक, विकास बोर्डको सञ्चालक, यस लघुवित्तको अध्यक्ष र केन्द्रीय संघको पनि अध्यक्ष भएकोले के भन्न चाहन्छु भने सहकारी अभियानमा बिग्रँदो देशको अर्थतन्त्रको प्रभाव छ तर हामी लाग्यौं भने ती समस्या पहिचान गरेर समाधान गर्न सक्छौं । समस्याको समाधानभन्दा पनि पहिचान ठूलो कुरा हो । हामीले सहकारीका समस्या पहिचान गर्न प्रारम्भिक संस्थामै पुगेर संस्थाको अवस्था बुझ्न जरुरी छ । जुन काम अहिले साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघले गरिरहेका छन् ।

> सहकारी अभियानलाई कुन दिशामा लैजाने भन्ने दायित्व नेतृत्वको हुन्छ । हामीहरूले आफू मातहतका सदस्य संस्थाका सदस्यहरूलाई संस्थाप्रति आशा, विश्वास र भरोसा दिलाउने काम गर्नुपर्ने हुन्छ ।

सदस्यहरूलाई विश्वास दिलाएर काम गर्नुपर्छ । गल्ति स्वीकार्ने र राम्रा काम भन्ने परिपाटी बनाउनु पर्‍यो । सदस्यहरूलाई कर्जा दिने मात्र होइन उनीहरूलाई उत्पादनसँग जोड्नुपर्‍यो । सदस्यहरूको उत्पादनको प्रशोधन र बजारीकरणमा पनि अभियानले पहल गर्नुपर्ने देखिन्छ । जुन काम साना किसानले गरिरहेको छ ।

हामीले किसानको घरघरमा गएर उत्पादनका लागि प्रेरित गर्‍यौ । अहिले बजारका लागि सहजिकरण गरिरहेका छौं । यो पुग्दो अवस्था छैन र होइन । तीनै तहका सरकार, सरोकारवाला निकायहरूलाई यो कुरा हामीले जानकारी गराइसकेका छौं । बजारीकरणका लागि सोचेजस्तो प्रगति हुन सकेको छैन । यदि किसानले उत्पादन गरेको आफ्नो उत्पादनको उचित बजार र मूल्य पाउने अवस्था हुने हो भने देशको धेरै समस्या समाधान भएर जान्छ । दिगो विकास लक्ष्य हासील गर्न संघर्ष गरिरहेको नेपालले किसानहरूलाई धनी बनाउने, किसानहरूको उत्पादनको उचित बजारीकरण गर्ने र गराउने वातावरण बनाउने हो भने हामी दिगो विकासको लक्ष्य पुरा गर्ने अवस्थामा पुग्न सक्छौं भन्नेमा म विश्वस्त छु ।

> उत्पादनसँग जोडिनुभएको छ । बेरोजगारीका कारण विदेश जानेहरूको संख्या बढी छ । उनीहरूलाई सहकारीमार्फत नेपालमै व्यवसाय गराएर नेपालमै राख्न सक्छौं ।

२) **सहकारी अभियानको उपलब्धिलाई कसरी लिनुहुन्छ ?**

सहकारीप्रति आम नागरिकको आकर्षण अहिले पनि घटेको होइन र छैन पनि । सहकारी आफ्नै हुन्छ । आफू मालिक हुने कुरा बुझेका सदस्यहरूले सहकारीलाई राम्रोसँग चलाउनुभएको छ । तर, सीमित व्यक्तिहरूको लगानी भएको, सीमित व्यक्तिहरू मिलेर पनि सहकारी खोल्नुभएको छ । त्यस्ता सहकारीमा केही समस्या छ । अभियानको उपलब्धिका विषयमा कुरा गर्दा नेपालमा सहकारी अभियान एक सफल अभियान हो । अर्थतन्त्रमा महत्त्वपूर्ण हिस्सा राख्ने क्षेत्र हो सहकारी । यसले आर्थिक गतिविधिलाई चलायमान बनाउन र गरिब किसानहरूलाई आर्थिक रूपमा सबल बनाउनका लागि सहयोग गरिरहेको छ ।

हामीले माइतीघरमा मिटरब्याजीको विरुद्धमा आन्दोलनमा आएको पनि देखेका छौं । यस्तो समस्या कुनै समय धेरै व्यापक थियो । तर, अहिले सहकारीको पहुँच पुगेपछि सदस्यहरूले सस्तो र सहज ढंगबाट संस्थाबाट कर्जा लिनुभएको छ, आफूले गर्ने व्यवसायका बारेमा सहकारीमार्फत तालिम, प्रशिक्षण, सीप, क्षमता, पुँजी र प्रविधि पाउनुभएको छ । उत्पादनसँग जोडिनुभएको छ । बेरोजगारीका कारण विदेश जानेहरूको संख्या बढी छ । उनीहरूलाई सहकारीमार्फत नेपालमै व्यवसाय गराएर नेपालमै राख्न सक्छौं । कुनै एकजनाले गरेको राम्रो कामको अनुशरण अरूले गर्ने अवस्थाको विकास भएको छ । यसले गर्दा सरकारलाई धेरै सहयोग पुगेको छ । सरकारले गर्ने धेरै काम सहकारी क्षेत्रले गरेको छ । सरकारको सहयोगीका रूपमा सहकारीले काम गरिरहेको मैले पाएको छु । यसको उपलब्धि संख्यात्मक रूपमा, गुणात्मक रूपमा र सहकारीको आफ्नै एउटा विषयगत केन्द्रीय निकाय निर्माण गर्ने विषयमा समेत सफलता हासिल गरेका छौं । सहकारीलाई सरकारले अर्थतन्त्रको एक खम्बाका रूपमा स्वीकार गरी यसलाई पनि महत्व दिएको छ । यो पनि सहकारी क्षेत्रका लागि खुसीको कुरा हो ।

३) **सरकार र सरोकारवाला निकायहरूसँगको सहकार्य कस्तो छ ?**

सहकारी क्षेत्रको विकास र विस्तारमा सरकार र सरोकारवाला निकायहरूको अत्यन्तै महत्त्वपूर्ण भूमिका रहेको छ । सरकारले सहकारी क्षेत्रलाई दर्ता मात्र गरेर छाड्ने हो चलाउने सदस्य वा सञ्चालकले

हो भन्ने धारणाको अन्त्य हुनुपर्छ। सरकारले दर्ता गर्ने, अनुकूल नीति नियम बनाउने, असहज र अप्ठ्यारो परेका कुराहरू फुकाइदिने र सहयोगीका रूपमा सरकारले काम गर्नुपर्ने देखिन्छ । नियमन अनुगमनको कुरामा पनि सरकार अझै अग्रसर भएर सही र गलत छुट्याउने परिपाटीको विकासमा लाग्नुपर्ने देखिन्छ । यसैगरी, सहयोगी निकायहरू पनि सहकारी क्षेत्रमा काम गर्न आउनुभएको छ। उहाँहरूसँग समन्वयको काममा पनि महत्त्वपूर्ण भूमिका सरकारकै हुन्छ। दातृ निकायहरूले कार्यक्रम सञ्चालन गर्ने क्षेत्र सामाजिक संघसंस्था मात्र हो भन्ने धारणाको अन्त्य गर्नुपर्ने देखिन्छ। त्यसमा सहकारी क्षेत्रसँग सहकार्य गरेर गाउँतहका सदस्य किसानहरूको जीवन बदल्न सकिन्छ भन्ने धारणाको विकास गराउनुपर्ने छ । सहकारीलाई एउटै डालोमा राखेर व्यवहार गर्ने परिपाटीको अन्त्य हुनुपर्छ। सरकारका नीति तथा कार्यक्रमहरू मन्त्री र सचिव वा नेतृत्व बदलिँदा नीति बदलिने जुन परम्परा छ यसको अन्त्य हुनुपर्छ । पद्धतिमा काम हुन नसक्नु सहकारी क्षेत्रको समस्या हो । सहकारी अभियानमा कमजोरी भए हामी सच्याउन तयारी छौं। तर, राम्रो साथ सहयोगको खाँचो छ। सहकारी क्षेत्रमा राम्रो काम गरिरहेकाहरूलाई पनि कतै हतोत्साहित बनाउने काम भयो कि भन्ने मलाई लागेको छ।

अहिले चौतर्फी समस्या परिरहेको समयमा सहकारीलाई छुट्टै राखेर सबैले पन्छ्याउने व्यवहार गर्नु हुँदैन । सरकार, निजी क्षेत्र र सहकारी जसरी अर्थतन्त्रका तीन खम्बाका रूपमा रहेका छन् यसरी नै यी तीनै पक्षको सहकार्य, सहयात्रा र एकताबाट हरेक समस्याको समाधान सम्भव छ।

साना किसान कृषि सहकारी संस्थाहरूको साना किसान कृषि सहकारी संस्था र यो अभियानको बारेमा कुरा गर्दा हामी मुख्यतः गाउँमा रहेका किसानहरूलाई सेवा दिइरहेका छौ। जोसँग पर्याप्त पुँजी छैन, जोसँग राम्रो प्राविधिक ज्ञान छैन, जोसँग राष्ट्रिय अन्तराष्ट्रिय अभ्यासको बारेमा अनुभव छैन यस्ता किसानहरूलाई हामीले पुँजी, प्रविधि, ज्ञान, सीप र राष्ट्रिय अन्तर्राष्ट्रिय अनुभवहरू आदान प्रदानका कार्यक्रमहरू गर्दै आएका छौं। किसानहरूलाई कसरी आत्मनिर्भर बनाई आर्थिक रूपमा सबल बनाउन सकिन्छ भन्ने बारे हामीहरूले काम र कार्यक्रम सञ्चालन गरिरहेका छौं । अहिले समग्र क्षेत्रमा समस्या देखिए पनि साना किसान अभियानमा समस्या धेरै कम छन्। अरू सहकारीभन्दा साना किसान कृषि सहकारीहरूको संरचनागत संरचना र यसको सञ्चालन पद्धतिका कारण पनि यी संस्थाहरूमा समस्या कम भएको हामीले पाएका छौं । हामी दिनरात साना किसान कृषि सहकारी संस्थाहरूको दिगो पना, गुणस्तरीयता, सदस्यहरूको आर्थिक, सामाजिक र सचेतनाको स्तरवृद्धि लगायतका काममा लागिरहेका छौं । जब सहकारीका सदस्यहरू सचेत हुन्छन् तब सहकारी बिग्रिँदैन भन्ने मेरो अनुभवले देखाएको छ। प्रत्येक सदस्यलाई जिम्मेवार, जवाफदेही र सहकारीका बारेमा पूर्ण जानकारी दिने वातावरण बनेका सहकारी बिग्रीएको मैले थाहा पाएको छैन। तपाईहरूले पनि हेर्न सक्नुहुन्छ जो सहकारी मनमैजी तरीकाले चलेका छन् ती सहकारीमा समस्या छ। साना किसान कृषि सहकारी संस्थाहरूमा जब समस्या देखिन्छ हामी तत्काल उक्त समस्या समाधानका लागि खटिएका छौं । जसले सहकारीलाई दिगोपना दिन र सदस्यहरूलाई विश्वास दिलाउन हामी सफल भएका छौं । हामीले केन्द्रमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघले पुँजी र क्षमता विकासको सहजीकरण गरिरहेका छौं। प्रदेश, जिल्ला संघ र प्रारम्भिक संस्थाका सञ्चालक, कर्मचारीहरू र

नियमन अनुगमनको कुरामा पनि सरकार अझै अग्रसर भएर सही र गलत छुट्टाउने परिपाटीको विकासमा लाग्नुपर्ने देखिन्छ ।

सदस्य किसानहरूले इमान्दारीसाथ आफ्नो जिम्मेवारी र दायित्व निर्वाह गरेका कारण आज साना किसान अभियान एक उदाहरणीय र अरूलाई सुनाउन लायक अभियान बनेको छ।

४) **साना किसान अभियान र यसको उपलब्धि के हो ?**

समाज निर्माण साझा प्रयास, प्रतिबद्धता र निरन्तरताबाट मात्र सम्भव छ। यसका लागि सबैको साथ सहयोग अपरिहार्य हुन्छ। हामी एक्लैले गरेर धेरै परसम्म पुग्न सकिन्न समग्र समाज र राष्ट्रलाई परिवर्तनको बाटोमा अगाडि बढाउने विषयमा सरकार, सहयोगी निकाय र अभियानको संस्थागत सहकार्य आजको आवश्यकता हो । विगतका दिनमा सरकारले गरेको सहयोग र विभिन्न सहयोगी निकायहरूको साथ सहयोगले हामीले नेपालको गाउँतहसम्म पुगेर गरिब किसानहरूको जीवन रूपान्तरणको काम गरेका छौं। महिलाहरूको नेतृत्व विकास भएको छ । युवाहरूमा उद्यमशीलताको विकास भएको छ । पछाडि परेका, अल्पसंख्याक, दलित, लोपोन्मुख जातजातिहरूले आफ्नो जीवनमा आमूल परिवर्तन गर्न सकेका छन् । यसैकारण नेपाल सरकारले साना किसान विकास लघुवित्त वित्तीय संस्थामार्फत सहुलियतपूर्ण कर्जा प्रवाह गरेर किसानहरूलाई उद्यमसँग जोड्न सहयोग गरिरहेको छ। यसैगरी, बागमती प्रदेश सरकारले पनि सहुलियतपूर्ण कर्जा दिएर किसानहरूलाई हौसला प्रदान गरेको छ। सरकारले साना किसान विकास लघुवित्त वित्तीय संस्था मार्फत विभिन्न सहुलियत पूर्ण कर्जाहरू प्रदान गरिरहेको छ । यसैगरी, नेपाल कृषि सहकारी केन्द्रीय संघ र अन्य विभिन्न सहकारीका अभियानमा लागेका संघसंस्थाहरूमार्फत सरकारले किसानहरूको हितका लागि गरेको सहयोग महत्त्वपूर्ण छ। आगामी दिनमा यस्ता सकारात्मक कार्यका लागि सरकारले पनि सहयोग अझै बढाउँदै जानुपर्छ भन्ने मेरो विचार रहेको छ। जहाँसम्म अन्य सहयोगी निकायहरूको कुरा छ यसमा हामीलाई विश्व बैंक, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय सहकारी महासंघ, डब्लुआरएफ, जाइका, जिआइजेट, लगायतका संघसंस्थाहरूले सहयोग गरिरहनु भएको छ।

> नेपालको कृषि तथा पशुपालन क्षेत्रको समग्र विकासका लागि सरकार र सरोकारवाला निकायहरूको साथ सहयोग र सहकार्य निरन्तर आवश्यक छ ।

अर्को खुसीको कुरा सुनाऊँ यो अभियान र यसको सफलतालाई आत्मसाथ गर्दै विश्वभरबाट एफएओले नेपाल कृषि सहकारी केन्द्रीय संघलाई उत्कृष्ट पार्टनसीप अवार्ड प्रदान गऱ्यो । यसैगरी, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. लाई यशीयाली विकास बैंकले अर्को अवार्ड प्रदान गऱ्यो । यसले नेपालमा हामीले गरेको काम ठिकै छ भन्ने देखाउँछ। अब हामीलाई यो चुनौतीको विषय बेनको छ। हामीले हाम्रो यो अभियानलाई अझै उचाईमा पुऱ्याउनु पर्ने छ। हामीलाई अब हाम्रो गति कम गर्ने कुनै छुट छैन। बदलिँदो समय र परिस्थितिसँगै हामी पनि समय सापेक्ष आफ्ना कामहरूलाई रूपान्तरणको अभियानमा जोड्दै जानुपर्ने देखिन्छ । अहिले विभिन्न सहयोगी निकायहरूले हामीसंग सहकार्यका लागि प्रस्ताव गर्नुभएको छ। यो समग्र नेपाल, नेपाली किसान र कृषि तथा पशुपालन क्षेत्रका लागि खुसीको कुरा हो। हामी सबैको कुराहरू सुनेर कार्यक्रम हेरेर नेपाल र नेपाली किसानको बढिभन्दा बढि हित हुने काम र कार्यक्रम गर्ने निकायहरूसंग सहकार्य गर्दै अगाडि बढ्नेछौं। नेपालको कृषि तथा पशुपालन क्षेत्रको समग्र विकासका लागि सरकार र सरोकारवाला निकायहरूको साथ सहयोग र सहकार्य निरन्तर आवश्यक छ। यसका लागि हामी पनि लागिरहेका छौं। हाम्रो सहकार्यले अहिलेको अवस्थामा आइपुगेका छौं। गर्नुपर्ने धेरै छ सकारात्मक परिणामका लागि हामी सरकार र सहयोगी निकायहरूसँग सहकार्य गर्न सदैव तयार छौं।

अन्तरवार्ता

हामी उद्यमशीलतामार्फत किसानको आर्थिक, सामाजिक रूपान्तरणको बाटोमा छौँ

डा. शिवराम प्रसाद कोइराला*
प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

युवा उद्यमशीलताको विकास, रोजगारी र स्वरोजगारीको वृद्धि अहिलेको अपरिहार्य आवश्यकता हो । गरिबी निवारण गर्दै ग्रामीण क्षेत्रको अर्थतन्त्र सुधारमा केन्द्रीत साना किसान विकास लघुवित्त वित्तीय संस्थाले अहिले व्यावसायीकरणमा जोड दिँदै आएको छ ।

यस लघु वित्तले युवा, महिला, दलित, अल्पसंख्याक, पिछडिएको वर्ग, लोपउन्मुख जातजाती र क्षेत्रका नागरिकलाई एकीकृत गर्दै उत्पादन र उत्पादकत्व बढाउँदै किसानलाई उद्योग स्थापना र उद्यमी बनाउनका लागि समेत विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ ।

कृषि क्षेत्रको रूपान्तरण मार्फत गरिब, साना किसानहरूको समृद्धि संगसँगै समग्र राष्ट्रको अर्थतन्त्र सुधार सम्भव छ। कृषि क्षेत्रको रूपान्तरणले मात्र उद्यमशिलताको सुरुवात गराउन सकिन्छ भन्ने मुख्य ध्येयका साथ साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.ले अहिले "साना किसानको समृद्धि कृषिको रूपान्तरण र उद्यमशिलताको विकास" भन्ने नारा अबलम्बन गरिरहेको छ । यसै विषयमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालासंग गरिएको कुराकानीको सम्पादीत अंश तल प्रस्तुत गरिएको छ ।

१) देशको वर्तमान आर्थिक अवस्थाबाट सुधारको बाटोमा अगाडि बढ्न कसको भूमिका कस्तो हुनुपर्छ ?

यो देश हामी सबै नेपालीको हो । यो देशलाई उत्कृष्ट बनाउने वा कमजोर भन्ने पनि हाम्रो हातमा छ । देशलाई समृद्धिको बाटोमा अगाडि बढाउने, गरिबी न्यूनीकरण गर्ने कार्यमा सबैको भूमिका आवश्यक छ। नेपाल सरकार सबैभन्दा अग्र भागमा हुनुपर्छ, त्यसपछि केन्द्रीय बैंकले आफूलाई सोही रूपमा अगाडि बढाउनु पर्छ, बैंक वित्तीय संस्थाहरू जिम्मेवार बन्नुपर्छ, लुघुवित्तको कामगर्ने लघुत्ति संस्थाहरूको महत्वपूर्ण भूमिका रहन्छ । हाम्रो तत्कालीन साना किसान विकास बैंक अहिले हामी लघुवित्त बनेका छौं हाम्रो अझै महत्वपूर्ण भूमिका रहन्छ भन्ने मैले बुझेको छु । हाम्रो भूमिकालाई प्रभावकारी रूपमा स्थापित गर्नका लागि हामीले २०५८ सालमा स्थापना भएदेखीनै कार्य गर्दै आएका छौं । तीनतहको संगठन संरचनामा रहेका साना किसान कृषि सहकारीरुको गठन, वित्तीय पहुँच, ज्ञान, सीप, प्रविधि लगाएको क्षेत्रमा हामीले काम गर्दै आर्थिक, सामाजिक रूपान्तरणमा सहयोग गरिरहेका छौं । युवाहरूलाई कृषि र पशुपालनमा संलग्न गराउँदै उद्यमशीलताको विकास गराएका छौं । जसले देशको खस्कँदो आर्थिक अवस्थालाई सुधारका लागि केही न केही सहयोग पुगेको हामीले बुझेका छौं । घरेलु र कृषि प्रशोधनका उद्यमहरू सञ्चालनमा ल्याउनका लागि हामीले एशीयाली विकास बैंकको सहयोग नेपाल सरकारमार्फत हामीले किसानहरूको बीचमा पुऱ्याएका छौं । यसले उत्पादन वृद्धिसँगै अर्थतन्त्र चलायमान बनाउन सहयोग गरिरहेको छ। हामी अहिले आरएमडिसीसँग मर्ज भएर अझै ठूलो संस्था बनेका छौं । साना किसान कृषि सहकारी संस्थाहरूसँगै डी क्लासका लघुवित्तहरूले पनि कारोबार गरिरहेभएको छ। हामीले ग्रामीण अर्थतन्त्रको संरचनागत सुधारमा हाम्रो मुख्य ध्यान केन्द्रित भइरहेको छ । ७६ जिल्ला र ५ सय ५० भन्दा बढि स्थानीयतहमा हाम्रो पहुँच रहेको छ । मर्जरपछि यसमा केही सेवा क्षेत्र विस्तार भएको छ । हामी अर्थतन्त्र सुधारका लागि र गरिबलाई आर्थिक रूपमा सवल बनाउनका लागि काम गरिरहेका छौं । अहिले पनि धेरै युवाहरू कामको खोजीमा विदेश जानुपर्ने बाध्यता हामीले देखेको, सुनेको र भोगेको

कुरा हो । यसलाई कम गर्दै देशको अर्थतन्त्र सुधारमा कसरी काम गर्न सकिन्छ भन्नेमा हाम्रो ध्यान केन्द्रित छ । युवाहरू विदेश जानु भनेको देशका लागि ठूलो चुनौतीको विषय हो । हामीले युवालाई उद्यमसँग जोड्दै उनीहरूलाई नेपालमै आयआर्जन गर्ने बाटोमा अगाडि बढाउन लागिरहेका छौँ । यसमा नेपाल सरकार, केन्द्रीय बैंक सरोकारवाला निकायहरूले हामीमार्फत कार्यक्रमहरू कार्यन्वयन गरिरहनुभएको छ । यसलाई अझै बढाउनुपर्ने आवश्यकता मैले देखेको छ । कृषि तथा पशुजन्य उद्यमबाट आयआर्जनको सुनिश्चितता गर्ने वातावरणको विकास गराउन सक्यौँ भने अहिलेको अवस्थाबाट हामी माथि उठ्न सक्छौँ । अर्थतन्त्रको सुधार गर्न सक्छौँ ।

२) **लघुवित्त वित्तीय संस्थाहरूले अर्थतन्त्र सुधारमा कस्तो भूमिका खेलेका छन् ?**

निश्चित रूपमा लघुवित्त वित्तीय संस्थाहरूको मुख्य उद्देश्य नै गरिबी निवारण हो । जसको पहुँच वाणिज्य बैंकमा हुँदैन, जसले धितो राख्न सक्नुहुन्न, जो निरक्षर हुनुहुन्छ, जो भूमिहीन हुनुहुन्छ । यस्तो वर्गलाई पुँजी, प्रविधि, सीप र क्षमता विकासका कार्यक्रम गर्ने उद्देश्यका साथ लघुवित्त वित्तीय संस्थाहरूले काम गर्नुपर्ने हुन्छ । मलाई लाग्छ जसको वाणिज्य बैंक र विकास बैंकबाट केही हजार पनि नपाउने अवस्थामा रहेका यस्ता गरिब, साना किसानहरूको पुँजी प्राप्त गर्न सकेका छन्, सीप प्राप्त गरेका छन्, उद्यमको सुरुवात भएको छ । यदि लघुवित्त नभएको थियो भने यस्ता साना किसानहरू आर्थिक मार र भारमा पर्ने थिए । हामीजस्तो साना किसानको बीचमा काम गर्नेहरूले किसानहरूलाई आर्थिक जोखिम कम गर्दै आय आर्जनका कार्यमा संलग्न बनाउन काम गरिरहेका छौँ ।

पछिल्लो समय लघुवित्तहरूको संख्या धेरै छ यस विषयमा पछि बसह गरौँला तर अहिले पनि लघुवित्तको पहुँचमा नरहेको जनसंख्या ठूलो छ । ग्रामीण क्षेत्रमा अहिले पनि साहु महाजनबाट ऋण लिने, मिटरब्याजको कुराहरू पनि बाहिर आइसकेको छ यसबाट प्रताडित हुनुपरेको अवस्था छ । यस्तो अवस्थामा लघुवित्त संस्थाहरूले जे जति गरेका छन् त्यो राम्रो गरेका छन् । तर, लघुवित्तहरूले समयमै सजग भएर एउटै व्यक्तिलाई धेरै लघुवित्तबाट कर्जा लिनसक्ने वातावरणको अन्त्य गर्न सके धेरै समस्या समाधान हुन्छ भन्ने लाग्छ । जसले कर्जा लिँदै हुनुहुन्छ उहाँहरूले पनि कर्जा लिएपछि तिर्नुपर्छ, मैलो आफ्नो क्षमता अनुसारको कर्जा चलाउनुपर्छ भन्ने सोच्नुपर्छ । कर्जा लिएपछि उक्त कर्जालाई उत्पादनशील कार्यमा लगाउनुपर्छ भन्ने भावनाको विकास गराउनु अहिलेको अर्को चुनौती देखेको छु । त्यसैले हामीले साना किसान कृषि सहकारी संस्थाहरूबाट कर्जा लिएपछि कर्जा लिने व्यक्तिले आफ्नो उद्देश्य अनुसारको कार्य गरेको छ वा छैन, प्रस्ताव पेश गरेपछि नै हामीले फिल्डमा गएर उसले उद्यम गर्न सक्छ र गर्छ भन्ने ग्यारेण्टि भएपछि मात्र कर्जा प्रवाह गर्ने गरेका छौं । अहिले साना किसान लुघवित्त वित्तीय संस्था र यसको नेटवर्कमा धेरै समस्या पनि छैन । यसगर्न सके लघुवित्त दिगो हुनका साथै लघुवित्तबाट कर्जा लिने सदस्यहरू पनि आर्थिक, सामाजिक रूपमा सवल हुनसक्नुहुन्छ । जुन अहिले पनि भइरहेको छ । यद्यपि, अहिले लघुवित्तले शोषण गऱ्यो, लघुवित्तले मिटरव्याजीको काम गऱ्यो भन्ने आरोप छ । जुन सत्यमा आधारीत छैन । यसको गहिराइमा नपुगी धेरैले सतहमा आएका सूचना र जानकारीका आधारमा धारणा निर्माण गरेजस्तो लाग्छ । अर्को कुरा लघुवित्त भन्नसाथ सबैलाई एउटै बास्केटमा राखेर व्यवहार गर्ने जुन परिपाटीको विकास भएको यसले राम्रो काम गर्नेहरूलाई हतोत्साहित बनाउने गर्छ । अधिकारको लागि अभियान चलाउनेहरू, नीति निर्माण तहमा बस्ने नीति निर्माताहरूले पनि यस कुरालाई मनन गरेर आफ्नो भनाइ, व्यवहार र अभ्यास गर्नुपर्दछ भन्ने मेरो धारणा हो ।

> लघुवित्तहरूले समयमै सजग भएर एउटै व्यक्तिलाई धेरै लघुवित्तबाट कर्जा लिनसक्ने वातावरणको अन्त्य गर्न सके धेरै समस्या समाधान हुन्छ भन्ने लाग्छ ।

३) अहिले लघुवित्त क्षेत्रमा देखिएको समस्यालाई तपाईंले कसरी हेर्नुभएको छ ? र यसको समाधानको उपाय के हो ?

अहिले देखिएको समस्या लघुवित्तको समस्याभन्दा पनि सृजना गरिएको समस्या जस्तो लाग्छ । लघुवित्तहरूले पनि सुधार गर्नुपर्ने पक्ष र पाटाहरू धेरै छन् । जस्तो एउटै व्याक्तीले धेरै ठाउँबाट कर्जा लिन पाउने व्यवस्थाको अन्त्य गर्नु लघुवित्तहरू सफल भइरहेका छैनन् । यो गर्नसाथै अहिलेका धेरै समस्या समाधान भएर जान्छन् । अर्को तर्फ कर्जा लिनेहरूको क्षमता भन्दा बढी कर्जा लिएका छौं कि, कर्जा लिएर आयआर्जन र उत्पादन मुलक क्षेत्रमा लगाएको छ कि छैन भन्नेबारे लघुवित्तहरूको ध्यान कम गएको देखेको छु । यसले पनि केही समस्या सृजना गरेको पक्कै हो । लघुवित्तको कुरा गर्दा बढी नाफा कमाउने दिशामा अगाडि बढ्यौ भने समस्या पक्कै आउँछन् । यसमा व्यवस्थापकीय र सञ्चालक टिमले पनि सोच्नुपर्छ । अर्को तर्फ एकजना व्यक्तिले १५-२० लघुवित्तबाट कर्जा लिएको भन्ने जुन कुराहरू बाहिर आएको छ यदी त्यसो हो भने यो सबैभन्दा ठूलो गल्ति हो । दिनेको पनि र लिनेको पनि । फेरीपनि लघुवित्तहरूले गरेको राम्रो छ । लघुवित्त नभएको भए गरिबहरूले २-४ हजार पैसा पनि चलाउन पाउने अवस्था हुने थिएन । हामीले सबैलाई वित्तीय साक्षरता सहितको कर्जा प्रवाह गर्न सक्यौं भने अहिलेको जस्तो समस्या पछि कहिल्यै भोग्नुपर्दैन भन्ने लाग्छ ।

४) तपाईले नेतृत्व गरिरहेको साना किसान विकास लघुवित्त र यसको सञ्जालमा वर्तमान आर्थिक समस्याको प्रभाव कति परेको छ ?

नेपालमा अरू क्षेत्रले भोगेको आर्थिक, सामाजिक, राजनीतिक लगायतका विविध समस्याको प्रभाव हाम्रो सञ्जाल र सदस्यहरूमा स्वाभाविक रूपमा पर्छ । हामीपनि यही समाजका एक हिस्सा हौं । तर, हामीले हाम्रो सञ्जालमा रहेका सहकारीका सदस्यहरूलाई उत्पादन गर्न प्रोत्साहन गरिरहेका छौं । पुँजी, प्रविधि, सीप र क्षमता विकासका तालिमहरू सञ्चालन गरेका छौं । यसको प्रभाव सकारात्मक छ । किसानहरूले कृषि र पशुजन्य उत्पादन राम्रो पनि गर्न थाल्नुभएको छ । तर दुखको कुरा सबैभन्दा बढी पीडामा साना किसान उत्पादनमा लागेका किसानहरू रहनुभएको छ। पहिलो कुरा किसानहरूलाई उपयुक्त पुँजी, प्रविधि, सिप हस्तान्तरणमा सरोकारावाला निकायहरूको कम ध्यान छ। यति हुँदाहुँदै पनि किसानहरूले उत्पादन गर्नुहुन्छ। तर उत्पादन भएको वस्तुले बजार पाउन सकेको छैन। किसान दाजुभाइ दिदीबहिनीहरूले आफ्नो उत्पादन लागत मूल्यभन्दा कममा समेत बिक्री वितरण गर्नुपरेको मैले सुनेको छु। यो अत्यन्तै दुःखको कुरा हो। साना किसानहरूको आफ्नो एउटा बजार हुँदा किसानहरूले आफ्नो उत्पादन सोझै ल्याएर बिक्री वितरण गर्न सक्छन् र उपभोक्ताहरूले पनि किसानबाटा बजार मूल्यभन्दा केही सस्तोमा सिधै किन्न सक्छन्। यस विषयमा हामीले निरन्तर सरोकारवाला निकायहरूलाई घचघच्याई रहेका छौं । तर अहिलेसम्म किसानको आफ्नै बजार बन्न सकेको छैन । अहिले केही पालिका र संस्था आफैले सदस्य किसानहरूको उत्पादन संकलनका लागि संकलन केन्द्रहरू स्थापना र सञ्चालन गर्नुभएको छ। किसानहरूलाई हामीले केही दिन सकिरहेका छैनौ। किसानहरूलाई हामीले न्यूनतम मल,बीउ,सिँचाई मात्र पुऱ्याउन सके अहिले उत्पादन भएको भन्दा धेरैगुणा बढी उत्पादन लिन सकिन्छ भन्ने विभिन्न अध्ययनले देखाएको छ। समस्याहरू धेरै छन्। तर, साना किसान विकास लघुवित्त वित्तीय संस्थाको जुन जिम्मेवारी र दायित्व छ त्यसलाई पूरा गर्ने कुरामा अधिकतम सफलता हासिल गरेको छ । हामीले साझेदार साना किसान कृषि सहकारी संस्थामार्फत गरिब किसानसम्म पुंजी, प्रविधि, ज्ञान, सीप र क्षमता विकासका कार्यक्रमहरू पुऱ्याइरहेका छौं । कृषिको रूपान्तरणमा, उद्यमशीलताको विकास गराउन नेपाल सरकार र केन्द्रीय बैंकले दिएको जिम्मेवारीअनुरूप हामीले हाम्रो सेवालाई साझेदार संस्थाका ११ लाखभन्दा बढी किसानहरूको बीचमा पुऱ्याउन सकेका छौं ।

५) सहकारीमार्फत साना किसान विकास लघुवित्तले कर्जा प्रवाह गरिरहेको छ कस्तो-कस्तो शीर्षकमा साना किसान सहकारीमार्फत सदस्य किसानहरूले कर्जा पाउन सक्छन् ?

हाम्रो साझेदार संस्था साना किसानमा आवद्ध

सदस्यहरूले उद्यमशीलताको विकासका लागि विभिन्न शिर्षकमा कर्जा लिन सक्ने व्यवस्था रहेको छ। हामीले लघुकर्जा लघु उद्यमका लागि दिइरहेका छौं । कृषि, पशुपालन र तरकारी खेतीका लागि हामीले सदस्य किसानहरूलाई पुँजीको कमी हुन दिएका छैनौं । सहजै कर्जा प्राप्त गर्न सक्नुहुन्छ। मासु, दुध र तरकारी जन्य उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउन सहयोग पुऱ्याउने उद्देश्यका साथ नेपाल सरकारले विगत १२-१३ वर्षदेखि सहुलियतपूर्ण कर्जा प्रदान गर्दै आएको छ । यसको प्रभाव पनि अत्यन्तै राम्रो देखिएको छ। सरकारले दिने सहुलियत कर्जा संगसंगै एशीयाली विकास बैंक मार्फत आरइएफपी कर्जा छ यसमा सहुलियत व्यजमा किसानहरूले कर्जा प्राप्त गरिरहनु भएको छ। किसानहरूलाई उद्यमसँगै जोड्दै उत्पादन, भण्डारण, प्रोसेसिङ, प्याकेजिङ र ब्राण्डिङ गरेर बजारसम्म पहुँच विस्तारका लागि ग्रामीण उद्यम कर्जाले सहयोग गरिरहेको छ। यसको प्रभावकारीता पनि बढिरहेको छ। एकल र सामूहिक उद्यम गर्नेहरूको संख्या बढिरहेको छ। यसैगरी, किसानहरूले बागमती प्रदेश सरकारमार्फत प्राप्त सहुलियतपूर्ण कर्जा प्राप्त गर्न सक्नुहुन्छ। यसमा किसानहरूले ३ प्रतिशत ब्याजमा कृषि, पशुपालन, लघु उद्यमका लागि कर्जा प्राप्त गर्नेगरी व्यवस्था मिलाएका छौं।

६) यसको प्रभावकारिता कस्तो छ

हो कुनै पनि काम गरिसकेपछि त्यसको उपलब्धि के हो त भन्ने बारेमा आफूले पनि जान्ने र अरूलाई पनि सुनाउने गर्नुपर्छ । यसै कुरालाई ध्यानमा राख्दै साना किसान विकास लघुवित्त वित्तीय संस्थाले स्वतन्त्र अनुसन्धानकर्ताबाट २ वर्ष अगाडि एउटा स्वतन्त्र अनुसन्धान गराएको थियो। यसमा सहुलियत कर्जा लिएर व्यवसाय गरिरहनुभएका किसानहरूको जीवनस्तरमा कस्तो सुधार आयो, उत्पादनमा कस्तो प्रभाव देखियो, आर्थिक उपार्जनमा कस्तो प्रभाव पऱ्यो भनेर अनुसन्धान गराएका थियौं। यो रिपोर्टले हामीलाई उत्साहित बनायो। भनेको यो कर्जा नलिँदा किसानहरूको अवस्था र लिएपछिको अवस्थामा ठूलो परिवर्तन देखियो। उत्पादनमा पनि धेरै प्रभाव देखियो। अनुसन्धानमा किसानहरूले यो कर्जा लिएर व्यवसाय गरेपछि ११ गुणासम्म उत्पादन र आम्दानी वृद्धि भएको देखिएको छ। यसैगरी युवा उद्यमशीलताको विकास गराउन पनि यसले सहयोग पुगेको देखिन्छ । तोरी मिल, धानका मिल, साइलेज, बीउ प्रशोधन केन्द्र, डेरी उद्योगहरू, चियाको प्रशोधन उद्योग लगायतका उद्योगहरू स्थापना भएका छन्। युवाहरू उदाहरणीय रूपमा कृषि तथा पशुपालन उद्यममा सहभागि भएर आयआर्जन गर्न थाल्नुभएको छ। उहाँहरूबाट अनुशरण गरेर अरू युवाहरूलाई पनि कृषि र पशुपालनमा लाग्ने वातावरणको विकास भएको छ। यसले कृषिमार्फत ग्रामीण अर्थतन्त्रको रूपान्तरण गर्ने हाम्रो सोचमा यसले सहयोग पुगेको मैले बुझेको छु।

७) इजरायलमा लर्न एण्ड अर्न कार्यक्रममार्फत युवाहरूलाई कृषि अध्यायनका लागि पठाउने गर्नुभएको थियो । यो कार्यक्रमको प्रभाव कस्तो छ ? किन यो कार्यक्रम निरन्तर हुन सकेन ?

जीवनमा सिकाइको अन्त्य हुँदैन। अझ युवाहरूलाई सधै सक्रिय बनाई उनीहरूलाई सीप सँगसँगै आयआर्जनमा पनि जोड्नुपर्छ। नेपालमा प्रचुर सम्भावना रहेको तर सम्भावनाअनुसार काम नभइरहेको क्षेत्र कृषि नै हो। त्यसैले हामीले कृषि युवा सहभागिता बढाउन के गर्न सकिन्छ भन्नेबारे धेरै सोचविचार गरी युवालाई कृषिबाट पनि आम्दानी गर्न सकिन्न भन्ने सोचको विकास गराउनुपर्छ भन्ने लागेर इजरायलमा विकास भएको कृषि प्रविधिबारे युवाहरूलाई पढाइका साथसाथै सिकाई पनि होस भनेर पहल गऱ्यौं। यो कार्यक्रम ११-१२ बर्षसम्म निरन्तर चलिपनि रह्यो । यसको प्रभावकारीताको कुरा गर्दा मैले भन्नुभन्दा पनि इजरायल पुगेर तालिम लिएर नेपाल फर्केपछि उद्यम गरिरहेका युवाहरूसम्म पुग्दा धेरै राम्रो होला जस्तो लाग्छ। जे होस् यसको उपलब्धी अत्यन्तै राम्रो देखिएको छ। पछिल्लो समय विश्वव्यापी रूपमा आएको कोरोना महामारीसँगै यो प्रक्रिया रोकियो । यो निरन्तर चलिरहोस् भन्ने हाम्रो चाहाना पनि थियो । तर इजरायल सरकारको पोलिसीमा आएको केही फेरबदलले विश्वविद्यालयमा पढ्ने विद्यार्थीहरूलाई मात्र लैजान मिल्ने भन्ने कुरा आयो। यसपछि हाम्रो यो सहकार्य करिब ४ वर्षदेखि रोकिएको छ।

अन्तरवार्ता

लघुवित्त वित्तीय संस्थाहरूमा देखिएको समस्या र समाधानका उपायहरू

डा.नवराज सिंखडा*
नायब प्रमुख कार्यकारी अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

१. **लघुवित्त वित्तीय संस्थाहरुमा अहिले देखिएको समस्या के हो ?**

हाल लघुवित्त वित्तीय संस्थाका ऋणीहरूले आफूले लिएको ऋण मिनाह हुनुपर्ने माग राखि आन्दोलित छन। एकै व्यक्तिले धेरै लघुवित्त वित्तीय संस्था (लविसं) सँग आफूले तिर्न सक्ने क्षमताभन्दा ऋण लिनु वा लविसं सँग लिएको ऋण आयआर्जन कार्यमा नलगाई आम्दानीबाट ऋणको साँवा ब्याज तिर्नुपर्नेमा एउटा लविसंको ऋण तिर्न अर्को लविसं सँग ऋण लिनु अहिले देखिएको समस्याको मूल कारण हो। लविसंहरूले ऋण दिनुपूर्व ऋणीको ऋण तिर्न सक्ने क्षमताको विश्लेषण, ऋणीले गर्ने क्रियाकलापहरूको उत्पादकत्वमा वृद्धि, उत्पादित वस्तुहरूको बजार व्यवस्था, वित्तीय साक्षरता आदि कार्यहरू गर्नुपर्नेमा ऋण मात्र प्रदान गर्ने होडबाजीले गर्दा हाल यस क्षेत्रमा समस्याहरू देखिएको हो।

वित्त बजारमा देखिएको हालको तरलता अभावले लघुवित्त क्षेत्रमा लुकेर बसेको वा लुकाइएको विसंगतिहरू उजागर भएको हो। अर्को शब्दमा भन्ने हो भने यस क्षेत्रमा समस्याहरू थिए। उक्त समस्याहरू तरलता अभावको कारण बाहिर आएको हो। हालको घटनाबाट पाठ सिकी लघुवित्त क्षेत्रमा विद्यमान विसंगतिहरू कम गर्दै लगिएन भने हाल देखिएका समस्याहरूले झन विकराल रूप लिन सक्छ।

२. **ऋणी सदस्यहरूको आर्थिक अवस्थामा सुधार ल्याउन लघुवित्त संस्थाहरूले कसरी काम गर्न सक्छन् ?**

लविसंहरू दिगो रूपमा सञ्चालन हुन उचित मात्रामा नाफा कमाउनु पर्दछ भने ऋणीहरूको जीवनमा समेत सकारात्मक परिवर्तन आउनु पर्दछ। अनि मात्र लघुवित्त कार्यक्रम कालान्तर सम्म दिगो रूपमा सञ्चालन हुन सक्दछ। लविसंहरूले नाफा बढाउने र लाभांश बढी बाँड्ने कार्यमा मात्र केन्द्रित हुनुहुन्न।

लविसंमा देखिएको वर्तमान समस्याबाट मुक्ति पाउन तथा यसलाई गरिबी निवारणकको प्रमुख कार्यक्रमको रूपमा स्थापित गर्न कम्तीमा तिनवटा कार्यहरू गर्न अनिवार्य हुन्छ।

(क) ऋणीको नगद प्रवाह विवरण अध्ययन तथा ऋणीको ऋणी तिर्न सक्ने क्षमताभन्दा बढी ऋण नदिनु

(ख) ऋण आयआर्जन हुने नयाँ कार्य वा भएको व्यवसाय विस्तार गर्ने कार्यमा जोड दिने।

(ग) ऋणी सदस्यहरूको लागी अनिवार्य रूपमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्ने।

(घ) लविसंहरूले ऋण लगानीमा हालको जस्तो प्रतिस्पर्धा नगरी सकेसम्म कर्जा सूचना लिई

"हालको घटनाबाट पाठ सिकी लघुवित्त क्षेत्रमा विद्यमान विसंगतिहरू कम गर्दै लगिएन भने हाल देखिएका समस्याहरूले झन विकराल रूप लिन सक्छ।"

ऋणीको ऋण तिर्नसक्ने क्षमता हेरी ऋण प्रदान गर्नुपर्दछ ।

३. **लघुवित्त क्षेत्रमा सम्भावना धेरै देख्नुहुन्छ वा समस्या ?**

अझै पनि नेपालको दूरदराजसम्म सहज रूपमा वित्तीय पहुँच पुग्न सकेको छैन । लविसंहरूले सेवा प्रदान नगर्ने हो भने गरिब समुदाय फेरि साहु महाजनको चर्को ब्याजको चंगुलमा फस्छन् । तसर्थ लविसंमा देखिएको वर्तमान विसंगतिहरू हटाई यस क्षेत्रको अझ विस्तार, मजबुतीकरण र समिकन (consolidation) गर्नुपर्दछ ।

४. **अहिले सरकारले लघुवित्तका क्षेत्रमा गरिरहेको काम र लघुवित्तले गरिरहेको काम एक आपसमा मिल्दोजुल्दो छ त ? सरकार र अभियानले गर्ने काम र कार्यक्रम मिल्नुपर्छ कि पर्दैन ?**

नेपालको समस्या भनेको हरेक कार्यक्रम सञ्चालन गर्दा दिगो सोचको अभाव हुनु हो । सरकार र कर्मचारीतन्त्र स्थायी छैन । सरकार छिटोछिटो परिर्वतन भइरहन्छ भने सरकार परिवर्तनको लगत्तै कर्मचारीको सरुवा हुन्छ । कसैको गलत निर्णयको कारण देश वा समाज लाई नकरात्मक असर परेको छ वा कमशल कामले देशलाई घाटा लागेको छ भने जिम्मेवार हुनुपर्ने परिपाटी छैन । यी कुरा लघुवित्त क्षेत्रमा पनि लागू हुन्छ । के नेपाललाई सयको हाराहीमा लघुवित्त संस्थाहरू चहिन्थ्यो र ? लघुवित्त संस्थाले दिन सक्ने अधिकतम लाभांश कति हो ? यसले समुदायमा वित्तीयबाहेक लक्षित समुदाएको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन अरू के के सेवाहरू दिनुपर्थ्यो ? पहिला धेरै संस्था खोल्न दिने अनि मर्जरमा जाऊ भन्ने परिपाटी राम्रो होइन । अब पुराने गल्ती औंल्याएर केही फाइदा छैन । सरकार, नेपाल राष्ट्र बैंक, लघुवित्त संस्थाहरू एक सुधारको बाटो के हो छलफल गर्नुपर्दछ ।

> सहकारी संस्थाहरूले पनि लघुवित सेवा प्रदान गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेलेको हुनाले यस क्षेत्रको पनि सुदृढीकरण गर्नुपर्दछ ।

५. **लघुवित्त क्षेत्र हुनुपर्ने कस्तो थियो र भयो कस्तो ?**

अबको दिनमा लविसंले दिने सेवाहरू गरिबी निवारण केन्द्रित हुनुपर्दछ र यस कार्यमा सरकार र लविसंहरू हातेमालो गरी सँगसँगै हिँड्नुपर्दछ । लविसं वित्तीय सेवाहरूको साथ साथै सदस्यहरूको सामाजिक आर्थिक अवस्थामा सुधार ल्याउने कार्यहरूको थालनी गर्नुपर्दछ । यसको लागि कमाएको नाफाको ५० प्रतिशत गैरवित्तीय सेवामा खर्च गर्न लगाउनु पर्दछ । सदस्यले तिरेको ब्याजको केही अंश बराबरको शेयर दिई लविसंको स्वामित्व सदस्यहरूमा क्रमशः हक हस्तान्तरण गर्दै कम्तीमा ३० प्रतिशत सञ्चालक ग्राहक सदस्यहरूबाट हुने नीतिगत व्यवस्था हुनुपर्दछ ।

त्यस्तै, अन्य बैंक तथा वित्तीय संस्थालाई भन्दा लविसको नाफामा लगाइने करको दर न्यून हुनुपर्दछ ।

दोहोरो सदस्य कम गर्न कर्जा सुचना लिई राष्ट्रिय स्तरको लविसहरूको शाखा मर्ज गर्नुपर्दछ । प्रदेश स्तरको लविसंहरूलाई क्रमशः राष्ट्रिय स्तरमा मर्ज गर्नुपर्दछ ।

लघुवित्त तथा सहकारी क्षेत्रको १० वर्षे रणनीति बनाई यसलाई गरिबी निवारण लक्षित कार्यक्रममा सहभागी बनाउनु पर्दछ । सहकारी संस्थाहरूले पनि लघुवित्त सेवा प्रदान गर्ने कार्यमा महत्त्वपूर्ण भूमिका खेलेको हुनाले यस क्षेत्रको पनि सुदृढीकरण गर्नुपर्दछ । विभागमा एक वर्ष नपुग्दै रजिष्टार सरुवा हुने परिपाटी रोकिनुपर्दछ । नेपाल राष्ट्र बैंकमा जस्तै आवश्यकता अनुसारको यस क्षेत्रका विज्ञता भएको जनशक्तिको

व्यवस्था गरी सहकारीहरूको अनुगमन, नियमन तथा व्यवस्थापन गर्ने छुट्टै निकाय स्थापना गरी कार्य गर्नुपर्दछ। विभिन्न दाताहरूबाट गरिने गरिबी निवारण कार्यक्रमसमेत लघुवित्त तथा सहकारी क्षेत्र भित्र ल्याउनुपर्दछ। सरकारको मन्त्रालय तथा कार्यालयबाट गरिने गरिबी निवारण कार्यक्रमसमेत सहकारी र लविसंहरूमार्फत गर्नुपर्दछ।

निष्कर्ष

सहकारी र लघुवित्त संस्थाको माध्यमबाट सामाजिक तथा आर्थिक रूपले पछाडि परेका समुदायलाई संगठित गराई नियमित बचत गर्ने बानीको विकास तथा जम्मा भएको बचतलाई आयआर्जनका कार्यमा लगानी गरी सदस्यहरूको आर्थिक तथा सामाजिक समृद्धिका लागि कार्य गर्ने प्रचुर संभावना रहेको छ। पिछडिएको तथा निम्न वर्गिय समुदायको परम्परा देखि नै आर्थिक स्रोत माथि पहँच र नियन्त्रण नहुने हुँदा उनीहरूको समाजको हरेक पक्षमा कम सहभागिता रहेको पाइन्छ। सहकारी तथा लघुवित्त संस्थाहरूले यी समुदायलाई समेटी उनीहरूलाई संस्थाले प्रदान गर्ने सेवामा संलग्न गराएमा उनीहरूको जीवनस्तर सुधार्न सकिन्छ भन्ने उदाहरण अनुभवहरूले देखाएको छ। निजीकरण र विश्वब्यापिकरणको कमजोरी तथा नराम्रो असरहरूबाट गरिब जनतालाई केही हदसम्म जोगाउन सहकारी तथा लघुवित्त संस्थाहरूले उल्लेखनीय भूमिका खेल्न सक्दछ। तर नेपालमा सहकारी तथा लघुवित्त संस्थाहरू सेवामुखीभन्दा नाफामुखी भएका छन्। जुन कुरामा मथि उल्लेख भएअनुसार व्यापक सुधार गर्नुपर्दछ। कृषि उत्पादन बृध्दि गर्ने, उत्पादीत वस्तुको बजारीकरण गर्ने र सदस्यहरूको हितमा समर्पित हुने जस्ता कार्यहरूमा धेरै कम सहकारी तथा लघुवित्त संस्थाहरू संलग्न छन्।

> पिछडिएको तथा निम्न वर्गिय समुदायको परम्परा देखि नै आर्थिक स्रोत माथि पहँच र नियन्त्रण नहुने हुँदा उनीहरूको समाजको हरेक पक्षमा कम सहभागिता रहेको पाइन्छ ।

यदि सहकारी तथा लघुवित्त संस्थाहरूको सेवा समुदाय स्तरमा उपलब्ध नहुने हो भने, बचत, बीमा, बिउ बीजन खरिद जस्ता स–साना सेवाहरू लिन पनि जिल्लाका सदरमुकाम सम्म धाउनु पर्ने हुन्छ वा स–साना कर्जा लिन साहुँमहाजनसँग चर्को ब्याज तिर्ने सर्तमा हात पसार्नुपर्ने हुन्छ। सहकारी तथा लघुवित्त संस्थाहरूको स्थापनाले गर्दा सरल तवरले आफ्नै घर आँगनमै सहज रूपमा राम्रोसँग सेवा लिन सम्भव भएको छ। यसले गर्दा सदस्यहरूको समय र स्रोत बच्न गएको छ। तसर्थ सहकारी तथा लघुवित्त संस्थाहरूप्रति सदस्यहरूको अपनत्वमा वृद्धि गरी उनीहरूको जीवनस्तर उकास्न सकिएको खण्डमा सदस्यहरूले संस्थामा गर्ने लगानीमा पनि वृद्धि हुन जानेछ। माथि उल्लेख गरे अनुसार सहकारी तथा लघुवित्त संस्थाहरूमा हाल देखिएका कमी कमजोरीहरू क्रमशः कम गर्दै लान सकेमा यस क्षेत्रको माध्यमबाट देशमा समृद्धि हासिल गर्ने कार्यमा ठूलो सहयोग पुग्न जानेछ।

नेपालमा साना किसान विकास अभियान र यसको उपलब्धि

✍ रुद्र भट्टराई *

महाप्रवन्धक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.

नेपालको सहकारी अभियानमा व्यवस्थापकीय जिम्मेवारी र दायित्वमा रहेर आफूलाई सफल र अब्बल साबित गर्न सफल रुद्र भट्टराई वि.स. २०६४ सालमा स्थापना भएको नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को महाप्रबन्धकको जिम्मेवारीमा रहेर काम गरिरहनु भएको छ। साना किसान विकास कार्यक्रमका रूपमा वि.स. २०३२ सालमा सुरु भएको यो कार्यक्रमको सुरुवातदेखि नै कुनै न कुनै रूपमा संलग्न रहेर काम गर्नुभएका भट्टराई कृषि विकास बैंकको जिम्मेवारीबाट अलग भएपछि भट्टराईले सहकारी अभियानलाई साना किसान कृषि सहकारीमार्फत अगाडि बढाउनुभयो। भट्टराईको नेतृत्व र अगुवाइमा देशका विभिन्न जिल्लामा साना किसान कृषि सहकारी संस्थाहरूको सञ्जाल विस्तार हुँदै गयो । अहिले नेपालको सहकारी अभियानमा मात्र नभई अन्तर्राष्ट्रिय समुदायमा समेत नेपालको सहकारी अभियान सुनिने, हेरिने र देखिने बनेको छ । यसमा भट्टराईको समेत भूमिका देखिन्छ। नेपालमा सहकारी अभियान र साना किसान कृषि सहकारी संस्थाहरूको उपलब्धि एवं अबको बाटोका बारेमा सानाकिसान खबरकर्मीले गरेको कुराकानीका आधारमा तयार पारिएको यो समग्री प्रस्तुत गरिएको छ।

नेपालमा साना किसान अभियानको बारेमा कुरा गर्दा २०३२ साल असोज २ गतेलाई विशेष रूपमा सम्झनुपर्ने हुन्छ। गरिब किसानहरूको वास्तविक कार्यक्रम बनाउने उद्देश्यका साथ धनुषाको महेन्द्रनगरबाट यो कार्यक्रम सुरु भएको थियो । यसैगरी, सोही वर्ष मंसिरमा नुवाकोटको तुप्चेमा यो कार्यक्रम पाइलट प्रोजेक्टका रूपमा सञ्चालन ल्याइएको हो । सुरुवाती समयमा कृषि विकास बैंकको नेतृत्वमा यो कार्यक्रमलाई १ वर्षको परीक्षण कार्यक्रमका रूपमा कार्यन्वयन अगाडि बढाइएको थियो। यो १ वर्षमा यो कार्यक्रम लागू भएका स्थानको सुधारका अवस्थाहरू सकारात्मक देखिएपछि यो कार्यक्रमलाई व्यापक रूपमा विस्तार गर्न थालियो । बैंक साना किसान आयोजनाहरू स्थापना तथा सञ्चालन गर्दै अगाडि बढिरह्यो। तत्कालीन समयमा ६ सय २२ वटा गाविसममा लागू भएको यो कार्यक्रमलाई थप विस्तार गर्दै लैजाने कार्य भयो । यो अभियानले करिब १ दशक पार गर्दै गर्दा नेपालमा आर्थिक मन्दीको अवस्था आयो। त्यस समयमा नेपाल सरकारको संरक्षणमा सञ्चालन भएका कृषि विकास बैंक, नेपाल बैंक र वाणिज्य बैंकमा पनि कर्जाको अभाव भयो जसको प्रभाव यो कार्यक्रममा पनि पर्‍यो । इफाड र युनिसेफले समेत सहयोग गरेको यस कार्यक्रमबाट नेपाल बैंक र वाणिज्य बैंकहरूले हात झिके । यसपछि यो कार्यक्रम सञ्चालन गर्ने एकल जिम्मेवारी कृषि विकास बैंकमा आयो । तत्कालीन समयमा बैंकमार्फत यो कार्यक्रम लागू गर्दा बैंक पनि सँगै खोल्दै जानुपर्ने अवस्था थियो । यसका लागि ठूलो आर्थिक लगानी पनि गर्नुपर्ने भयो । कृषि विकास बैंकले यो कार्यक्रमलाई आफ्ना शाखा मार्फत अगाडि बढाउने योजना अगाडि बढायो। यसका लागि धादिङमा दुई पक्षीय छलफल भयो । छलफलबाट यो कार्यक्रमलाई सहकारीमार्फत निरन्तरता दिने निर्णय भई यो कार्यक्रमलाई परिस्कृत रूपमा अगाडि बढाइयो। साना किसानहरूले, साना किसानहरूका लागि साना किसानहरूको हितमा नै काम गर्ने मोडलमा यो कार्यक्रम परिमार्जित भएर अगाडि बढ्यो । सहकारी विभागमा यो मोडलको सहकारी दर्ता गर्नसमेत त्यो समयमा असहज भएको थियो। यही मोडललाई हामीले देशभर अनुशरण गर्दै गयौं । किसानहरूको नेतृत्वमा, किसानहरूको सहभागितामा, किसानहरूका लागि यो कार्यक्रमले अत्यन्तै राम्रो प्रभावकारीता देखियो । कृषि विकास बैंकमार्फत हुने कर्जा प्रवाहलाई अझै सहज र प्रभावकारी बनाउने सोचका साथ यो कार्यक्रमको छुट्टै विषयगत बैंकका रूपमा साना किसान विकास बैंकको अवधारणा अगाडि सारियो। यसका लागि नेपाल सरकार अर्थमन्त्रालय, कृषि विकास बैंक, नेपाल बैंक, नविल बैंक र साना किसानहरूको शेयर रहने गरी साना किसान

विकास बैंक वि.स. २०५८ सालमा स्थापना भयो । बैंकको कारोबार बढ्दै जाँदा बैंकलाई पुँजीको अभाव हुन थाल्यो । यसै समयमा नेपाल कृषि सहकारी केन्द्रीय संघ स्थापना भयो । वि.स. २०६३ सालको अन्तरिम संविधान जारी भएसँगै सरकारले बजेटमार्फत साना ऋणीहरूको ऋण मिनाह गर्ने घोषणा गऱ्यो तर साना किसानहरूको ऋण मिनाहा नगर्ने भन्यो । यस घोषणाका बारेमा हामीले असहमति जनाउँदै साना किसनहरूको पनि ऋण मिनाहका लागि पहल गऱ्यौं । जसको फलस्वरूप साना किसान कृषि सहकारी संस्थामार्फत लिएको सानो ऋण पनि मिनाह हुने भयो । भर्खर स्थापना भएको नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को अगुवाइमा यो एउटा महत्त्वपूर्ण सफलता हामीले तत्कालीन समयमा हात पारेका थियौं ।

बैंकलाई पनि बचाउने र सदस्यहरूलाई पनि बचाउने कुरामा तत्कालीन समयमा केन्द्रीय संघले नृतृत्वदायी भूमिका निर्वाह गरेको थियो । केन्द्रीय संघ स्थापना हुनुभन्दा पहिले नै धादिङ जिल्लासंघ स्थापना भएको थियो । यसपछि अरू जिल्लासंघहरू पनि हामीले स्थापनाका लागि पहल गर्दै गयौं । २ सय १८ वटा संस्थाहरूमा मात्र नभई साना किसानको यो मोडललाई अनुशरणका रूपमा अगाडि बढाउन थाल्यौं । यसको प्रभाव अत्यन्तै राम्रो देखियो । आजको दिनमा हाम्रो ७७ वटै जिल्लामा नेटवर्क विस्तार भइसकेको छ । १३ सय भन्दा बढि साना किसान कृषि सहकारी संस्थाहरू स्थापना भएका छन् । १ लाख ४५ हजार समुह, ४८ हजार सामाजिक अगुवाहरूले काम गरिरहनु भएको छ, ७ हजार २ सयभन्दा बढीले प्रत्यक्ष रोजगारी पाउनुभएको छ । यसमा महिला कर्मचारी ६० प्रतिशत हुनुहुन्छ । ४५ वटा जिल्ला संघ स्थापना भएका छन् । यसैगरी, ७ वटै प्रदेशमा हाम्रो संघको संरचना बनिसकेको छ । झण्डै ६ हजार युवाहरू कुनै न कुनै रूपमा कृषिमा संलग्न हुनुभएको छ । ८२ प्रतिशत महिला सहभागिता, नेतृत्व विकास, पछाडि परेका वर्ग, महिला, मजदुरहरूको सहभागिता रहेको छ । यो कार्यक्रमको प्रभावकारिता देखेकै कारण अहिले नेपाल सरकारले विभिन्न शीर्षकमा सहुलियत कर्जा प्रवाह गरिरहेको छ । मासु र दूध उत्पादनका लागि नेपाल सरकारले ९ प्रतिशतमा किसानको हातमै पुग्ने गरी सहुलियत कर्जा प्रदान गरेको छ । यसले दूध र मासुजन्य उत्पादनमा वृद्धि भएको छ । थिए । हामीले प्रत्येक वर्ष १०० वटासम्म संस्थाहरू स्थापना गर्न नेपाल सरकार र सहयोगी निकायहरूबाट सहयोग भइरहेको छ ।

वि.स. २०६३ सालको अन्तरिम संविधान जारी भएसFगै सरकारले बजेटमार्फत साना ऋणीहरुको ऋण मिनाह गर्ने घोषणा गऱ्यो तर साना किसानहरुको ऋण मिनाहा नगर्ने भन्यो ।

३२ वटा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसँग सहकार्य गरेर हामीले कार्य गरिरहेका छौं । अन्तराष्ट्रिय सहकारी महासंघ, सिक्ट्याव, डब्लु आर एफको पनि हामी सदस्य छौं, गरिरहेका छौं । सले हामीलाई थप समस्यामा पारेको थियो । आफा, जाइका, सिएससी, एग्रीटेरा लगायतका विभिन्न ३२ वटा संस्थाहरूसंग सदस्यको रूपमा र साझेदारका रूपमा हामीले काम गर्दै आएका छौं ।

साना किसान विकास कार्यक्रमबाट सुरु भएको यो अभियान अहिले १३ लाख घरपरिवारका ६० लाख जनसंख्यामा प्रत्यक्ष रूपमा पुगेको छ । साना किसान कृषि सहकारी संस्थाहरू कार्यक्षेत्र भित्रका कुनै पनि गरिब किसानहरूले आर्थिक समस्याका कारण उद्यम गर्न नपाउने अवस्था छैन । सँगसँगै हामीले यो अभियानलाई बहुआयामिक बनाउने प्रयत्न गरिरहेका छौं । माटो संरक्षण, जग्गाको खण्डीकरण रोक्ने, जग्गाको खडेरीकरण रोक्ने र परिवारलाई आफ्नो उत्पादनले आफै खाना पुग्ने गरी पारिवारीक खेती कार्यक्रम पनि अगाडि बढाएका छौं । सानो सानो पुँजीले ठूलो परिवर्तनको सुरुवात गराउन सकिन्छ भन्ने उदाहरण पारिवारिक खेतीको नतिजाले पनि देखाएको छ ।

१ खरब १२ अरब ६७ करोड रुपैयाँ साना किसान कृषि सहकारी संस्था र यसका सदस्यहरूले लगानी गरिरहनु

भएको छ। यसले कृषिको उत्पादन र उत्पादकत्व बढाउन सहयोग पुगेको देखिन्छ।

सहकारीको अबको बाटो

अगामी यात्रा अवश्य नै चुनौतीपूर्ण हुन्छ र छ पनि। हामीले धेरै दुर्गममा काम गर्नुपर्ने अवस्था रहेको छ। नेपाल सरकार र इफाडको सहयोगमा कर्णालीमा हामीले संस्था निर्माणका काम गरिरहेका छौं। यसले युवाहरूलाई देशमै बस्न उत्प्रेरित गरिरहको हामीले बुझेका छौं। उत्पादन गरेपनि किसानहरुले अहिले गोदामघरको समस्या भोगिरहनुभएको छ। हामीले प्रत्येक साना किसान कृषि सहकारी संस्थामा न्यूनतम पनि एउटा गोदाम घरको व्यवस्था होस् भनेर लागिरहेको अवस्था छ। सहकारीमा ५ सय मेट्रिक टनको गोदाम, ग्रिन हाउस र कोल्ड स्टोरेज बनाउनुपर्ने अहिलेको मुख्य आवश्यकता बनिसकेको छ। यसैगरी हामीले अहिले व्यवसायीकताको सुरुवात पारिवारिक खेती हो भन्ने कुरालाई आत्मसाथ गर्दै विश्वभर सञ्चालन भएको अभियान नेपालमा पनि चलाईरहेका छौं। युएनले घोषणा गरेको पारिवारिक खेती वर्ष दशक २०१८ देखी २०२८ लाई हामीले नेतृत्व गरिरहेका छौं। यो कार्यक्रममार्फत युवा, महिला र उद्यमी हुन चाहने किसानहरुलाई ज्ञान, सीप र प्रविधिसँगै पुँजीको पहुँच पुऱ्याउने कार्य पनि गर्दै आएका छौं। केही बर्ष देखी पारिवारीक खेती कार्यक्रममा कुनै स्रोत छैन तापनि हामीले केन्द्रीय संघको तर्फबाट यसलाई अगाडि बढाइरहेका छौं। युवाहरूमा आशा जगाउनुपर्ने अहिलेको टड्कारो आवश्यकता बनेको छ। नेपालमा सहकारी अभियानको विकास र विस्तारसँगै हाम्रो नेतृत्वमा अहिले ६० लाखभन्दा बढी मानिसहरूसम्म हाम्रो सेवा पुऱ्याउन सकेका छौं। युवा परिचालनमा उत्कृष्ट कार्य गर्न सकेका छौं। ७ हजार २ सय भन्दा बढीलाई प्रत्यक्ष रोजगारी दिइरहेका छौं। किसानहरू आत्मनिर्भरको बाटोमा अगाडि बढिरहनुभएको छ। ११ संस्थाहरुले अहिले एकीकृत सहकारी खेती गरिरहेका छन्। साना तथा मझौला उद्योग १ सयभन्दा बढी रहेका छन्। सहकारीले साना तथा लघु उद्यम सञ्चालन गरेपनि नेपालको विद्यमान ऐन कानुनले केही असहजता ल्याएको छ। कानुनमा भएको असहजता हटाउन पनि हामीले पहल गरिरहेका छौं। नेपाल कृषि सहकारी केन्द्रीय संघ र यसमा आवद्ध सम्पूर्ण साझेदार संघ संस्थाहरूले सरकारले अगाडि बढाएका सम्पूर्ण कार्यक्रमको प्रभावकारी कार्यन्वयनका लागि सक्रियताका साथ काम गरिरहनु भएको छ। सरकारको साथमा रहेर हाम्रो सञ्जालले काम गरिरहेको छ। यसमा सरकारको पनि आवश्यक साथ सहयोगको खाँचो छ। पछिल्लो १२ वर्षमा नेपाल सरकारको सहयोगमा मासु र दूधजन्य उत्पादनमा नेपाल आत्मनिर्भरको अवस्थामा पुग्यो यो यही सञ्जालका सदस्यहरूको व्यवसायीताले सम्भव भएको हो। सरकारले अगाडि बढाउने अभियान र कार्यक्रमको प्रभावकारी कार्यन्वयका लागि पनि हाम्रो सञ्जाल प्रभावकारी छ भन्ने कुरा यो उपलब्धिले प्रमाणित गरेको छ।

> उत्पादन गरेपनि किसानहरूले अहिले गोदामघरको समस्या भोगिरहनुभएको छ। हामीले प्रत्येक साना किसान कृषि सहकारी संस्थामा न्यूनतम पनि एउटा गोदाम घरको व्यवस्था होस् भनेर लागिरहेको अवस्था छ।

परिकल्पना

विकसित सम्मुनत र उन्नत समाजको परिकल्पना सबैले गरेको हुन्छ। समाज निर्माणका लागि समाजका मानिसहरूको चरित्र, व्यवहार र आचरण सुधार्नुपर्ने देखिन्छ। आर्थिक, सामाजिक र सचेतनाको अवस्थामा आमूल परिवर्तन गर्न सके उन्नत समाज सम्भव छ। हामीले यही बाटोमा काम गरिरहेका छौं। न्यूनतम् पनि एउटा घरपरिवारमा दुहुनो गाई वा भैंसी, १० वटा मासुजन्य बाख्रा, भेडा, च्यांग्रा, २० देखि २५ वटा कुखुरा, हाँस वा कुनै पन्छी र चारवटा मात्र भए पनि दीर्घकालसम्म फलदिने फलफूलका बोट, सुधारिएको चुल्हो, सुधारिएको चर्पी, सफा घर, बालबच्चा सबैका स्कुल जाने परिवारको परिकल्पना हामीले गरेका छौं। यस्तो अवस्था बनाउनका लागि तीनै तहका सरकार, राष्ट्रिय योजना आयोग लगायतका सरोकारवाला निकायहरूको सहभागिता आवश्यक छ। यसका लागि सहयोग गर्न हामी पनि तयार छौं।

लेख

लघुवित्त (Microfinance) : एक परिचय

✍ अनिलकृष्ण जोशी*

कम्पनी सचिव
साना किसान विकास लघुवित वितीय संस्था लि.

लघुवित्तको सुरुवात सन् १९७५/७६ तिर एशियामा विश्व खाद्य संगठनको Action Research Proram बाट भएको मान्न सकिन्छ। यस प्रोजेक्टअन्तर्गत केही एशियाली देशहरूमा Small Farmers Development Program (SFDP) संचालन गरिएको थियो। बंगलादेशका प्रो. मोहम्मद युनुसले सन् १९७६ मा ग्रामीण बैंक प्रोजेक्टको शुरुवाट गर्नु भएको थियो जसमा समूह जमानीमा विना धितो लघु कर्जा प्रदान गर्ने गरिएको थियो। सन् १९८३ मा उक्त प्रोजेक्ट नै ग्रामीण बैंकको रूपमा रूपान्तरित भएको थियो।

साधारण अर्थमा भन्ने हो भने लघुवित्त भन्नाले स-सानो परिमाणको पैसाको लेनदेनको व्यवस्था भन्ने बुझिन्छ। स्वरोजगारबाट आर्थिक विकास भन्ने अवधारणाबाट लघुवित्तको सुरुवात भएको हो जसले मुख्यतः निम्न आय भएका महिला तथा पुरुषहरूलाई सानो पुँजी उपलब्ध गराई थप आय आर्जन गर्न सहयोग पुऱ्याउँछ र उनीहरूको आर्थिक स्तरमा सुधार ल्याउन मद्दत पुऱ्याउँदछ। अर्को शब्दमा भन्नु पर्दा लघुवित्त भन्नाले निम्न आय भएका वर्गलाई वित्तीय सेवा प्रदान गर्ने भन्ने बुझिन्छ। वित्तीय सेवा भन्नाले बचत, ऋण, बीमा र भुक्तानी सेवा समेतलाई जनाउंछ। यसका अतिरिक्त, वित्तीय मध्यस्थकर्ताको रूपमा धेरै लघुवित्त संस्थाहरूले सामाजिक मध्यस्थकर्ताको सेवाहरू, वित्तीय साक्षरताको तालिम, व्यवस्थापन क्षमता अभिवृद्धि जस्ता सेवाहरू समूहका सदस्यहरूलाई दिँदै आएको छ। त्यसैले लघुवित्तको परिभाषा अन्तर्गत वित्तीय मध्यस्थकर्ताको साथ साथै सामाजिक मध्यस्थता पनि पर्दछ। लघुवित्तमा ऋण लिई कुनै पेशा/व्यवसाय गर्न चाहने मानिसलाई समूहमा आबद्ध गरी विनाधितो छोटो अवधिको ऋण उपलब्ध गराउने व्यवस्था गरिएको हुन्छ। संक्षिप्त रूपमा भन्नुपर्दा लघुकर्जा भन्नाले विना धितो समूह जमानीमा ग्राहकको माग, क्षमता र आवश्यकताअनुसार सरल रूपम उपलब्ध हुने स-सानो कर्जालाई बुझाउँछ। यस्तो कर्जा ग्राहकले आफ्नै घर आँगनमा बसी प्राप्त गर्न सक्दछ। लघुवित्त संस्थाले ग्राहकको क्षमताअनुसार कर्जा उपलब्ध गराउँछ। लघुवित्त केवल बैंकिङ कार्य मात्र नभई विकासको माध्यम पनि हो।

विशेषता

लघुवित्तको विशेषताअन्तर्गत निम्न कुराहरू पर्न आउँछ :

"यसका अतिरिक्त, वित्तीय मध्यस्थकर्ताको रूपमा धेरै लघुवित्त संस्थाहरूले सामाजिक मध्यस्थकर्ताको सेवाहरू, वित्तीय साक्षरताको तालिम, व्यवस्थापन क्षमता अभिवृद्धि जस्ता सेवाहरू समूहका सदस्यहरूलाई दिँदै आएको छ।"

- स्वरोजगारको लागि सानो ऋण
- ग्राहकको क्षमता अनुसारको कर्जा
- समूहको सदस्य भएकोलाई मात्र कर्जा
- बिना धितो समूह जमानीमा कर्जा र सानो किस्तामा भुक्तानी
- ग्राहकको घरदैलोमा सेवा
- सानो सानो बचत गर्ने सुविधा
- ऋण सदुपयोगितामा समूहबाट नै अनुगमन तथा रेखदेख एवं समूह दवाब
- ऋण भुक्तानीको आधारमा पुनर्लगानी अथवा एउटा क्रम पछि अर्को क्रम
- कर्जा लिंदा लाग्ने कारोवार खर्च न्यून
- एक आपसमा छलफल गरी सामूहिक हितका लागिसमेत कार्य गर्न सकिने
- विपन्न वर्गमा केन्द्रित कार्यक्रम

लघुवित्तलाई आर्थिक तथा सामाजिक क्रियाकलापको मिश्रण पनि मान्न सकिन्छ जस्तै केही लघुवित्त संस्थाहरूले उद्यम विकास सेवाहरू, सीपमूलक तालिम तथा बजारीकरण (marketing), सामाजिक सेवाहरू जस्तै साक्षरतासम्बन्धी तालिम र स्वास्थ्य सेवा आदि पनि प्रदान गर्दै आएका छन्।

लघुवित्त संस्था अन्तर्गत स्वःस्फूत समुदायमा आधारित (Community based organization) समूहहरू, विकास बैंकहरू, गैरसरकारी संस्थाहरू ९ल्नइक०, वचत तथा ऋण सहकारी संसथाहरू, बाणिज्य बैंकहरू, गैरबैंक वित्तीय संस्थाहरू पर्न आउंदछ। लघुवित्तका ग्राहकहरूले लघुवित्तबाट मुख्यतः स्वरोजगारको सिर्जना गरिरहेका छन् जस्तैः कृषिअन्तर्गत खेती, पशुपालन, माछापालनको कार्य, व्यापारअन्तर्गत सानो पसल, हाटबजारमा सामान बिक्री र उद्योगअन्तर्गत बाँस बेत, माटो धातुको काम गरी सामान उत्पादन गर्ने कार्य पर्न आउँछ।

लघुवित्तमा ऋण लगानी प्रक्रिया

लघुवित्त सेवा प्रक्रियामा मुख्यतः ऋण लगानी र बचत गर्ने गरिन्छ। यस्तो सेवा गरिब घर परिवारका महिलाहरूलाई बिना धितो समूह जमानीमा सानो ऋण प्रदान गर्ने गरी गरिन्छ। ग्रामीण मोडल अन्तर्गत ऋणको आकार रु. ३०,००० नपुगेसम्म प्रत्येक वर्ष बिस्तारै बढाउँदै लग्ने गरिन्छ। यस्तो ऋणको आकार सम्वन्धित ऋण लिने व्यक्तिको ऋणको संचालन क्षमता हेरी निर्धारण गर्ने गरिन्छ। यसमा सानो सानो बचत प्रत्येक हप्ता समूह सदस्यहरूबाट जम्मा गर्ने गरिन्छ। लक्षित समूहको परिभाषा .... हेक्टर जमिन भएका व्यक्तिलाई भन्ने गरिन्छ। ऋण तथा बचतको कारोबार गरिबको घरदैलोमा नै हुने गर्दछ। यसमा ऋण लिने व्यक्ति बैंकमा जानु पर्दैन बरु बैंकका कर्मचारीहरू नै प्रत्येक हप्ता उनीहरूकहाँ गई ऋण प्रदान गर्ने, बचत जम्मा गर्ने गरिन्छ।

> ग्रामीण मोडल अन्तर्गत ऋणको आकार रु. ३०,००० नपुगेसम्म प्रत्येक वर्ष विस्तारै बढाउँदै लग्ने गरिन्छ । यस्तो ऋणको आकार सम्बन्धित ऋण लिने व्यक्तिको ऋणको संचालन क्षमता हेरी निर्धारण गर्ने गरिन्छ ।

ऋणको लागि बैंकले बंगलादेशको ग्रामीण बैंक मोडलको अवधारणा अनुसार Group Approach लाई आधार मान्ने गरिन्छ। सम्भावित ग्राहकलाई पहिले ७ देखि १० दिनको समूह व्यवस्थापन, वचत तथा ऋण संचालन, समूह अनुशासन, ऋणको उपयोग, समूह जमानी प्रक्रिया इत्यादि विभिन्न पक्षहरूको बारेमा जानकारी (Orientation) दिने गरिन्छ। लक्षित समूहमा एउटै खालको आर्थिक अवस्था र एउटै क्षेत्रका ५ जना सदस्यहरूको एउटा समूह बन्ने गर्दछ। यस्तो समूहमा पनि सदस्यहरूबाट नै एक जना अध्यक्षको रूपमा छान्ने गरिन्छ। २ देखि १० वटा यस्ता समूहहरू मिलेर केन्द्र बन्छ भने केन्द्रमा एक जना प्रमुख र एकजना उपप्रमुख हुने गर्दछ जो प्रत्येक वर्ष समूह सदस्यहरूबाट निर्वाचित भएर आउंछ। समूहका अरू सदस्यहरू, केन्द्र प्रमुख एवं उपप्रमुखको सिफारिसमा ऋणको स्वीकृतिको कार्य हुने गर्दछ। ऋण लगानी २-२-१ आधारमा प्रदान

गर्ने गरिन्छ । सुरुमा २ जना समूहका सदस्यलाई मात्र ऋण प्रदान गरिन्छ । समूहमा भएका अरू ३ जनाले उक्त ऋणको सदुपयोग भएको नभएको र ऋण फिर्ता भई राखेको छ छैन हेर्ने गरिन्छ । एक महिना पछि अरू २ जनालाई त्यसै गरी ऋण प्रदान गरिन्छ र अन्तिम सदस्य जो प्रायः समूहको अध्यक्ष हुने गर्दछ ती ऋणको सदुपयोग भएको नभएको हेर्ने गरिन्छ । यदि ४ जनै सदस्यहरूले ऋणको सदुपयोग गरि राखको छ भने अन्तिम सदस्यले पनि ऋण प्राप्त गर्न सक्दछ । यसरी, सदस्यहरूले एक अर्काले लिएको ऋणको सहि उपयोग भई राखेको छ छैन र बैंकलाई समयमा नै किस्ताहरू बुझाई राखेको छ छैन हेर्ने गरिन्छ ।

लघुवित्तका प्रमुख सिद्धान्तहरू

विपन्नवर्गमा वित्तीय सेवाको पहुँचमा वृद्धि गर्ने कार्य गर्नु नै वास्तवमा लघुवित्त हो । Consultative Group to Assist the Poor (CGAP) र यसका अन्य २८ वटा दाता सदस्यहरूको र जुन १०, २००४ को जी ८ सम्मेलनले समेत समर्थन गरी लघुवित्तका केही सिद्धान्तहरू प्रतिपादन गरेका छन । जुन यस प्रकार रहेको छ :

१) **विपन्न वर्गलाई कर्जा मात्र नभई विभिन्न वित्तीय सेवाहरूको आवश्यकता पर्दछ ।** अरू वर्गको लागि जस्तै विपन्न वर्गको लागि पनि सजिलो, लचिलो र आफुले बहन गर्न सक्ने वित्तीय सेवाको आवश्यकता पर्दछ । अवस्था अनुसार उनीहरूको लागि कर्जा मात्र नभई बचत, बीमा र नगद हस्तान्तरण ९ऋबकज तचबलकाभच० को सुविधाहरूको पनि आवश्यकता पर्दछ ।

२) **लघुवित्त गरिबीसँग लड्ने प्रमुख औजार हो ।** जब विपन्न वर्गसँग वित्तीय सुविधाको पहुँच हुन्छ, उनीहरूले त्यसबाट बढी कमाउन र सम्पत्ति बढाउन सक्छन् । भैपरी आउने बाहिरी प्रभावबाट आफूलाई बचाउन सक्छन् । गरिब घरपरिवारहरूले लघुवित्तलाई दैनिक बाँच्ने आधारका साथै भविष्यको योजना बनाउन समेत उपयोग गर्न सक्छन् । उनीहरूले राम्रो पोषणयुक्त खाना, घर, स्वास्थ्य र शिक्षाको लागि लगानी गर्न सक्छन् ।

३) **लघुवित्त भनेको त्यस्तो वित्तीय प्रणाली निर्माण गर्नु हो जसले विपन्नलाई सेवा पुऱ्याउँछ।** धेरैजसो विकासोन्मुख राष्ट्रहरूमा जनसंख्याको ठूलो भाग विपन्न वर्गको नै रहेको हुन्छ जसलाई बैंकहरूले पनि कमै मात्र सेवा दिएको हुन्छ । लघुवित्तलाई धेरैजसो विकास कार्यक्रमहरूको रूपमा पनि हेर्ने गरिएको छ जसलाई दाताहरू, सरकार र सामाजिक लगानीकर्ताहरूले चासो लिने गर्दछन् । तर यसलाई राष्ट्रको एउटा प्रमुख वित्तीय प्रणालीको रूपमा हेर्ने गरिएको छैन । लघुवित्त बढी भन्दा बढी लक्षित ग्राहकहरूसम्म पुऱ्याउन यो वित्तीय क्षेत्रको मूलधारमा एकीकृत गर्नुपर्दछ ।

> लघुवित्तलाई धेरैजसो विकास कार्यक्रमहरूको रूपमा पनि हेर्ने गरिएको छ जसलाई दाताहरू, सरकार र सामाजिक लगानीकर्ताहरूले चासो लिने गर्दछन् ।

४) **ठूलो संख्यामा गरिबहरू कहाँ पुगनलाई सेवा प्रदान गर्ने लघुवित्त संस्थाहरू स्वनिर्भर हुनुपर्दछ ।** धेरैजसो गरिब वर्गले आफ्नो आवश्यकता अनुसारको राम्रो वित्तीय सेवाहरू प्राप्त गर्न सक्दैनन् किनभने लघुवित्त सञ्चालन गर्ने असल र सक्षम संस्थाहरूको कमी छ । राम्रो लघुवित्त संस्थाले आफ्नो खर्च धान्न सक्नेगरी ब्याज लगाउन सक्नुपर्दछ । वित्तीय रूपमा दिगो संस्थाले मात्र लामो समयसम्मको लागि आफ्नो सेवाहरूको निरन्तरता दिन सक्छ । संस्थाहरूले दिगोपना त्यसबेला मात्र हासिल गर्न सक्छन् जब उनीहरूले आफ्नो कारोबार खर्च (transaction cost) लाई न्यून, ग्राहकको आवश्यकता र उपयोगिता अनुसारको सेवा प्रदान र अन्य बैंकहरूमा पहुँच नभएका गरिबहरू समेटिने नयाँ बाटो पहिल्याउँछन् ।

५) **लघुवित्तको उद्देश्य स्थायी रूपमा स्थानीय वित्तीय संस्थाहरूको विकास गर्नु हो।** विपन्न गरिबहरूलाई वित्तीय सेवा प्रदान गर्नको लागि कुशल स्थानीय वित्तीय संस्थाहरूको आवश्यकता पर्दछ जसले दिगो रूपमा सेवाहरू प्रदान गर्दछन्। यस्ता संस्थाहरूले स्थानीय बचतलाई आकर्षित गर्नु, यस्ता बचत रकमलाई ऋणको रूपमा पुनःप्रयोग (Recycle) गर्नु र अरू सेवाहरू दिन सक्नु पर्दछ। जब स्थानीय संस्थाहरू र पुँजी बजार परिपक्व हुन्छ, कोषको लागि त्यस्ता संस्थाहरू दाता र सरकार (सरकारी विकास बैंकहरू समेत) मा कममात्र निर्भर हुन्छन्।

६) **लघुऋण सधैं गरिबी न्यूनीकरणको लागि समाधान नहुन सक्छ।**

लघुऋण सबैको लागि वा जुनसुकै अवस्थाको लागि सबैभन्दा राम्रो औजार नहुन सक्छ। कहिलेकाहीं ऋणको राम्रो उपयोग तथा आम्दानी गर्न नसकेका र ऋण तिर्न नसक्ने भोको र दीनहीनलाई अन्य किसिमको सहयोग उपयोगी हुन सक्छ। धेरै क्षेत्रमा गरिबी न्यूनीकरणको लागि अरू नै उपायहरू पनि राम्रो हुन सक्छन् जस्तैः सानो अनुदान, रोजगार र तालिम कार्यक्रमहरू अथवा भौतिक संरचनामा सुधार।

> राष्ट्रिय सरकारले विपन्न वर्गलाई वित्तीय सेवा दिन प्रेरित गर्नुको साथै उनीहरूको निक्षेपको सुरक्षाको लागि नीति निर्धारण गर्नुपर्दछ।

७) **ब्याजदरको सीमा निर्धारणबाट गरिबहरूलाई ऋण लिनको लागि कठिनाइ उत्पन्न गराउँछ।**

सानो सानो ऋणको कारोवार गर्दा अवश्य पनि केही ठूला ऋणको भन्दा धेरै बढी लागत पर्न जान्छ। जबसम्म लघुवित्त संस्थाहरूले अन्य बैंकहरूको भन्दा बढी ब्याजदर कायम गर्दैनन् उनीहरूले आफ्नो लागत उठाउन सक्दैनन्। ती संस्थाहरूलाई दाता अथवा सरकारी रकमको आपूर्ति र अनिश्चितताले गर्दा संस्थाको विकासमा अवरोध हुन जान्छ। सरकारले लघुवित्तमा ब्याजदर नियन्त्रण गर्दा लघुऋणले आफ्नो लागत पनि उठाउन नसक्ने अवस्था आउँछ। त्यसैले लघुवित्तको ब्याजदरमा सरकारी नियन्त्रण हट्नु पर्दछ। तर लघुऋण लगानीकर्ताहरूले आफ्नो अक्षमताको लागत ऋणीहरूबाट उठाउने गरी बढी ब्याजदर पनि राख्नु हुँदैन।

८) **सरकारको भूमिका वित्तीय सेवालाई सक्षम बनाउने हुनुपर्दछ, आफैंले सेवादायीको रूपमा प्रत्यक्ष लगानी गर्नुहुँदैन।**

राष्ट्रिय सरकारले विपन्न वर्गलाई वित्तीय सेवा दिन प्रेरित गर्नुको साथै उनीहरूको निक्षेपको सुरक्षाको लागि नीति निर्धारण गर्नुपर्दछ। सरकारले अर्थतन्त्रको स्थायित्व कायम गरी राख्नु आवश्यक छ, ब्याजदर नियन्त्रणबाट टाढा रहनुको साथै आर्थिक राहत जस्तो विकृति र बढी भाखा नाघेको ऋण कार्यक्रमलाई रोक्न सक्नुपर्दछ। अनुदानयुक्त कार्यक्रम दिगो हुन सक्दैन। सरकारले भ्रष्टाचारमा रोक र लघु व्यवसायको लागि बजारमा पहुँच बढाउनु जस्ता वातावरणहरू बनाई दिनु पर्दछ। अन्य कोष उपलब्ध नहुने विशेष अवस्थाहरूमा समेत सरकारी कोषले असल र स्वनिर्भर लघुवित्त संस्थाहरूलाई निर्माण गर्ने अवस्था ल्याउन क्रियाशील रहनुपर्छ।

९) **दाताहरूको कोष निजी पुँजीको लागि पूरक हुनुपर्दछ न कि प्रतिद्वन्द्वी।**

लघुवित्तको लागि दाताहरूले अनुदान, ऋण र इक्वीटी प्रदान गर्दछन्। यस्तो सहयोग अस्थायी किसिमको हुने गर्दछ। यस्तो सहयोग लघुवित्त संस्थाहरूको क्षमता वृद्धि, लेखापरीक्षण

क्षमता, अनुसन्धान जस्तो सहयोगी संरचनामा उपयोग हुनुपर्दछ। कुनै कुनै अवस्थामा छरिएका लक्षित ग्राहकहरूसम्म पुग्न गाह्रो भएमा लामो अवधिसम्मको लागि दाताको सहयोग आवश्यक हुन्छ। दाताहरूले लघुवित्तलाई अन्य वित्तीय प्रणालीसंग एकीकृत गरिदिनु पर्दछ। उनीहरूले आयोजनाको डिजाइन र कार्यान्वयनमा सफल विज्ञहरू परिचालन गर्न सहयोग गर्नुपर्दछ। संस्थाहरूलाई पुनर्लगानी गर्दा उनीहरूको कार्य लक्ष्य यकिन गर्नुपर्दछ। प्रत्येक आयोजनाको एउटा वास्तविक योजना हुनुपर्छ जसमा निश्चित समयपछि दाताको सहयोग बिना चल्ने बन्दोबस्त हुनुपर्छ।

१०) **लघुकर्जा व्यवस्थाको मूल अड्चन बलियो संस्था र कुशल प्रबन्धकको कमी रहेको छ।**

लघुवित्त एउटा यस्तो विशेष क्षेत्र हो जसमा बैंकिङ्ग र सामाजिक लक्ष्य एक साथ रहेको हुन्छ। हरेक तहमा सीप र प्रणाली विकास हुनु पर्छ। लघुवित्त संस्थाहरू, रेखदेख तथा सुपरिवेक्षण गर्ने केन्द्रीय बैंक, अन्य सरकारी निकाय तथा दातृ संस्थालगायत सबैको व्यवस्थापकीय क्षमता र सूचना प्रणाली राम्रो हुनुपर्छ। लघुवित्तका सरकारी र निजी लगानीकर्ताहरूको ध्यान यसको क्षमता विकासमा हुनुपर्दछ न कि खाली पैसा मात्र लगानी गर्नुमा।

११) **लघुवित्तले राम्ररी काम गर्न यसको सही र पारदर्शी मूल्यांकन र कार्यसम्पादन प्रणाली हुनुपर्छ।** सही र स्तरीय कार्य सम्पादन मापक सूचकहरू निर्धारण हुनुपर्छ। ब्याजदर, ऋण असुली, लागत जस्ता वित्तीय सूचना र सेवाग्राही ग्राहकको संख्या र तीनीहरूको गरीबीको स्तरजस्ता सामाजिक सूचनाहरू अत्यन्त महत्त्वपूर्ण हुन्छ। दातृसंस्था, लगानीकर्ता र बैंक सुपरिवेक्षकहरू र ग्राहकहरूलाई उनीहरूको लागत, जोखिमको अवस्था, सुरक्षण र प्रतिफलको स्थिति जस्ता कुराहरूको जाँच गर्न यस्ता सूचना आवश्यक हुन्छ।

साभार : www.cgap.org

लेख

काउण्टर साइक्लिकल बफर

✍ सिए. सुशिला खनाल*

वरिष्ठ अधिकृत
साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

नेपाल राष्ट्र बैंकले मिति २०८०/०४/१२ मा ईजाजतपत्रप्राप्त "क" "ख" र "ग" वर्गका बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरी एकीकृत निर्देशन २०७९ मा संशोधन गर्दै चालु आर्थिक वर्षबाट काउण्टर साइक्लिकल बफर लागू हुने व्यवस्था गरेको छ। उक्त निर्देशनमा संशोधन गर्दै राष्ट्र बैंकले "क" वर्गका वाणिज्य बैंकहरू तथा "ख" वर्गका इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरका विकास बैंकहरूले Capital Adequacy Framework, 2015 मा व्यवस्था भए बमोजिमको काउण्टर साइक्लिकल बफर कायम गर्नुपर्ने व्यवस्था गरेको हो। कुल गार्हस्थ उत्पादनको वृद्धिदर र निजी क्षेत्रमा प्रवाह हुने कर्जाको वृद्धिदर बीचको अन्तर बढ्दै गएर निजी क्षेत्र ऋणको अधिक भारमा पर्दै गएपछि राष्ट्र बैंकले यसलाई कार्यान्वयनमा ल्याउने निर्णय गरेको थियो। तर, कार्यान्वयनमा आउन नपाउँदै कोभिड १९ को महामारी सुरु भएकोले आर्थिक वर्ष २०७६/७७ मा यसलाई स्थगन गरेको थियो।

सन् २००८ मा विश्वव्यापी रूपमा देखापरेको आर्थिक मन्दीबाट ठूला बैंकहरू धराशायी भएपछी बासेल २ मा भएका कमीकमजोरीहरूलाई हटाउँदै मुख्य रूपमा तरलता व्यवस्थापनमा जोड दिई बैंकिङ सुपरिवेक्षणसम्बन्धी बासेल समितिले सन् २०१० डिसेम्बर मा बासेल ३ ल्याइएको थियो।

काउण्टर साइक्लिकल बफरको सुरुवात

ससन् १९८८ मा Basel Committee on Banking Supersivison (BCBS) ले बासेल १ ल्याएको थियो। जसको प्रमुख उद्धेश्य अन्तर्राष्ट्रिय बैकिङ प्रणालीको स्थिरता मजबुत बनाउनु र अन्तराष्ट्रिय बैंकका बीचमा रहेको असमान प्रतिस्पर्धा कम गर्नका लागि निष्पक्ष र पारदर्शी सर्वमान्य बैकिङ प्रणाली स्थापित गर्नुका साथसाथै कर्जा जोखिमलाई कम गर्नु रहेको थियो। यसले विश्वभरका बैंकहरूको न्यूनतम जोखिममा आधारित पुंजी अनुपात निर्धारण गर्नका लागि पुँजीको सामान्य व्याख्या गर्ने काम गरेको थियो। जसमा बैंकहरूको वासलातमा भएको सम्पत्तीको आधारमा जोखीम भार प्रदान गरी न्युनतम पुँजीकोष कायम गर्नुपर्ने व्यवस्था गरिएको थियो। लगत्तै सन् २००४ मा बासेल २ कार्यान्वयनमा आएको थियो जसले बासेल १ मा व्यवस्था भएको न्युनतम पुँजीकोषका अतिरिक्त पुँजीकोषलाई बढाउनुपर्नेमा जोड दिएको थियो। सन् २००८ मा विश्वव्यापी रूपमा देखापरेको आर्थिक मन्दीबाट ठूला बैंकहरू धराशायी भएपछी बासेल २ मा भएका कमीकमजोरीहरूलाई हटाउँदै मुख्य रूपमा तरलता व्यवस्थापनमा जोड दिई बैंकिङ सुपरिवेक्षणसम्बन्धी बासेल समितिले सन् २०१० डिसेम्बर मा बासेल ३ ल्याइएको थियो।

यस बासेल ३ ले काउण्टर साइक्लिकल क्यापिटल बफर सहित बैंक पुँजी पर्याप्तता र तरलतामा विश्वव्यापी नियामक मापदण्डहरू निर्धारण गरेको छ। यसका अनुसार बैंकले नियमित पुँजी पर्याप्तता अनुपातका अतिरीक्त पुँजी संरक्षण बफर र काउण्टर साइक्लिकल बफर गरी दुई प्रकारले अतिरिक्त जगेडा पुँजीको व्यवस्था गर्नुपर्छ। यसले वित्तीय संकटका बेला बैंकको घाटा सहन सक्ने र दबाब थेग्न सक्ने क्षमतालाई बढाउने गर्छ। नेपाल राष्ट्र बैंकले Capital Adequacy Framework, 2015 तयार गरी बासेल ३ मा भएको व्यवस्थाहरू कार्यान्वनका लागि

समय समयमा बैंक तथा वित्तीय संस्थाहरूलाई निर्देशन दिँदै आएको छ।

हाल नेपालका वाणिज्य बैंकहरूले २.५ प्रतिशत क्यापिटल कन्जरभेसन बफर सहित कुल पुँजीकोष (टायर वान र टायर टु) ११ प्रतिशत कायम गर्नुपर्ने व्यवस्था रहेको छ। काउण्टर साइक्लिकल बफर लागु भईसकेपछी वाणिज्य बैंकहरू तथा राष्ट्रिय स्तरका विकास बैंकहरूले कुल गार्हस्थ उत्पादन र निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदरको आधारमा बढीमा २.५ प्रतिशतसम्म थप पुँजी छुट्याउनुपर्ने हुन्छ।

अन्तर्राष्ट्रिय स्तरमा काउण्टर साइक्लिकल बफर कार्यान्वयनको अवस्था

देश	लागू भएको मिति	हालको काउण्टर साइक्लिकल बफर
Germany	1st Feb 2023	0.75%
Australia	1st Jan 2023	1%
France	7th April 2023	0.5% (1st February 2024 Onwards 1%)
Hongkong	12nd October 2020	1%
Luxembourg	1st April 2023	0.5%
Netherland	25th May 2022	1% (From 31st May 2024 Onwards 2 %)
Sweden	29th September 2022	1% (From 23rd June 2023 Onwards 2%)
UK	24th March 2020	1% (5th July 2022 Onwards 2%)
Norway	31st March 2023	2.5%

काउण्टर साइक्लिकल बफर कसरी गणना गर्ने

काउण्टर साइक्लिकल बफर गणना गर्दा नेपाल राष्ट्र बैंकले जारी गरेको Capital Adequcy Framework 2015 का अनुसार पछिल्लो ५ आर्थिक वर्षमा कुल गार्हस्थ उत्पादन र निजी क्षेत्रमा प्रवाह भएको कर्जाको औसत अनुपात र पछिल्लो आर्थिक वर्षको कुल गार्हस्थ उत्पादन र नीजि क्षेत्रमा भएको कर्जा प्रवाहको अनुपातबीचको अन्तर निकाल्नुपर्छ। यसरी आउने अनुपातबीचको फरकलाई हेरी तपसिल बमोजिमको थप पुँजीकोष व्यवस्था गर्नुपर्छ। यो लागू भएपछि बैंकहरूले कुल गार्हस्थ उत्पादनमा भएको वृद्धिको तुलनामा कर्जा विस्तार जति धैरै हुन्छ त्यति नै धैरै पुँजीकोष कायम गर्नुपर्ने हुन्छ।

Credit to GDP GAP	Buffer Requirement in terms of CET 1
Upto 5 Points	0%
5-7.5 Points	0.5%
7.5-10 Points	1.0%
10-12.5 Points	1.5%
12.5-15 Points	2.0%
Above 15 Points	2.5%

Credit to GDP GAP= Credit to GDP $Ratio_{(t)}$ - $Trend_{(t)}$

काउण्टर साइक्लिकल बफरका असरहरू

१. काउण्टर साइक्लिकल बफर कार्यान्वयनमा गएसँगै बैंकहरूले कर्जा विस्तारमा संयमित हुनुपर्ने अवस्था आएको छ। कुल गार्हस्थ उत्पादनको वृद्धिभन्दा निजी क्षेत्रमा प्रवाह भएको कर्जाको वृद्धि उच्च भएमा बैंकहरूलाई थप पुँजी कायम गर्नुपर्ने हुन्छ। चालु आर्थिक वर्षमा सरकारले आर्थिक वृद्धिदर ६ प्रतिशत हासिल हुने लक्ष्य निर्धारण गरेको छ त्यस्तै राष्ट्र बैंकले मौद्रिक नीतिमार्फत निजी क्षेत्रमा प्रवाह गर्ने कर्जा ११.५ प्रतिशतभित्र कायम गर्ने लक्ष्य लिएको छ। लक्ष्य अनुसार अर्थिक वृद्धिदर हासिल हुने र कर्जा विस्तार पनि लक्षित सीमाभित्र रहेको अवस्थामा काउण्टर साइक्लिकल बफरको दबाब बैंकहरूलाई हुँदैन तर कर्जा विस्तार उच्च रहेमा भने पुँजीकोषको दबाब बढ्न जान्छ जसले कर्जा विस्तारमा समेत बैंकहरूलाई दबाब पर्छ।

२. बैंकहरूले Capital Adequacy Framework 2015 अनुसार बफर कायम गर्न नसक्ने बैंकहरूले लाभांश वितरण गर्न नपाउने व्यवस्था रहेको छ।

केन्द्रीय बैंकले हाल बैंकहरूलाई थप पुँजीकोष आवश्यक रहे नरहेको सन्दर्भमा गणना भइरहेको र थप पुँजीकोष आवश्यक परेको खण्डमा परिपत्रमार्फत आवश्यक थप पुँजीकोष कायम गर्न निर्देशन दिने र बैंकहरूले उक्त पुँजीकोष कायम गर्न २०८१ असार मसान्तसम्मको थप समय पाउने जानकारी दिएको छ। अल्पकालीन रूपमा पुँजीकोष टाईट भएका बैंकहरूलाई नगद लाभांश बाँड्न कठिन हुने देखिन्छ भने बोनस शेयर जारी गर्दाको रकम बैंकमै रहने हुँदा त्यसले खासै असर गर्न सक्ने देखिँदैन।

> अल्पकालीन रुपमा पुँजीकोष टाईट भएका बैंकहरूलाई नगद लाभांश बाँड्न कठिन हुने देखिन्छ भने बोनस शेयर जारी गर्दाको रकम बैंकमै रहने हुँदा त्यसले खासै असर गर्न सक्ने देखिँदैन ।

थप पुँजीकोष आवश्यक परेको खण्डमा बैंक तथा वित्तीय संस्थाहरूले बोनस सेयर जारी गरेर पुँजी वृद्धि गर्नुको सट्टामा जोखिम भार बढी हुने सम्पत्तीहरूमा लगानी निरुत्साहित गर्ने, गैर बैंकिङ सम्पत्तीहरू बिक्री गरेर असुली गर्ने गर्नुका साथसाथै अनुत्पादक तथा जोखिम भार बढी भएका क्षेत्रमा जाने कर्जामा कडाई गरेर पुँजीकोष बढाउन सक्दछन। यसका साथसाथै, काउण्टर साइक्लिकल बफर कार्यान्वयनमा गएसँगै कर्जा प्रवाह गर्नुभन्दा अगाडी सम्पत्तिको व्यवस्थापन गरी मात्र गर्नु उपयुक्त हुने देखिएकोले उत्पादनशिल क्षेत्रमा प्रवाह हुने कर्जामा लगानी गर्ने तथा अनुत्पादक तथा जोखिम भार बढी भएका क्षेत्रमा जाने कर्जामा लगाम लगाउने संस्कृतिको विकास पनि हुन सक्छ।

अन्यमा, नेपाल राष्ट्र बैंकले लागु गरेको यस व्यवस्थाले दिर्घकालिन रूपमा बैंक तथा वित्तीय संस्थालाई अचानक आईपर्ने वित्तीय संकट सामना गर्नका लागि अझै बढी सबल र सक्षम बनाउन सक्ने देखिन्छ।

समाचार

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को वार्षिक समीक्षा कार्यक्रमका सम्पन्न भएको छ। आरएमडिसी र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को मर्जरपछिको पहिलो वार्षिक समीक्षा कार्यक्रममा साबिकका साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र आरएमडिसी लघुवित्तको कार्यसम्पादन र आगमी रणनीतिका विषयमा छलफल भएको थियो ।

विगतका अभ्यास र अनुभवलाई समीक्षा गर्दै भविष्यको मार्गचित्र तय गर्न यो समीक्षा कार्यक्रम लाभदायक र अर्थपूर्ण भएको सहभागिहरूले बताउनुभएको छ।

समीक्षा कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का अध्यक्ष खेमबहादुर पाठकले किसानको जीवनस्तर सुधार्न साना किसान केन्द्रित कार्यक्रमहरूलाई जोड दिनुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले स्थानीय, प्रदेश, संघ सरकार र सहयोगी निकायहरूसँगको सहकार्यलाई अझै सार्थक बनाउँदै उपलब्धिमा आधारीत बनाउनुपर्नेमा जोड दिनुभयो । सरकारका कार्यक्रमलाई साना किसान मार्फत कार्यन्वयनमा ल्याएको बताउँदै उहाँले धेरैभन्दा धेरै लाभग्राहीले लाभ लिनसक्ने गरी सरकारको सहयोगलाई उच्चतम उपयोग गर्नुपर्ने बताउनुभयो। मर्जरपछिको परिवर्तीत अवस्थालाई चुनौतीका रूपमा मात्र नभई अवसरका रूपमा लिएको बताउँदै उहाँले देशको कृषिजन्य उत्पादन, उत्पादकत्व बढाउँदै आयात प्रतिस्थापन र किसानको आर्थिक अवस्था सुधारमा साना किसानले खेलेको भूमिकालाई अझै बढाव दिन सक्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

यसैगरी कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोईराला, नायब प्रमुख कार्यकारी अधिकृत पृथ बहादुर थापा, डा. नवराज सिम्खडा, झलेन्द्र भट्टराई, मुख्य प्रवन्धक, बरिष्ठ प्रवन्धक, शाखा प्रबन्धक, कर्मचारी लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रममा साबिकको साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. आर्थिक वर्ष २०७९/०८० को समग्र प्रस्तुति समीक्षा र आर्थिक वर्ष २०८०/०८१ को रणनीति तर्जुमा गर्ने विषयमा संस्थाका मुख्य प्रबन्धक शिवहरि अर्यालले प्रस्तुत गर्नुभएको थियो भने साबिकको आरएमडिसीको समग्र प्रगतिको प्रस्तुति वरिष्ठ प्रबन्धक वासुदेव लामिछानेले गर्नुभएको थियो । उक्त कार्यक्रममा सबै शाखाका शाखा प्रबन्धकहरूले आफ्नो शाखाको कार्यसम्पादन वार्षिक समीक्षा प्रस्तुत गर्नुभएको थियो ।

गुल्मीको तम्घासमा कार्यशाला गोष्ठी सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को आयोजनामा गुल्मीको तम्घासमा कार्यशाखा गोष्ठी सम्पन्न भएको छ । गुल्मी र पाल्पाका साझेदार साना किसान कृषि सहकारी संस्था लि. का अध्यक्ष तथा प्रबन्धकहरूको सहभागितामा तम्घासमा भएको गो CLEAN COOKING SOLUTION PROJECT मार्फत कसरी लाभ लिन सकिन्छ भन्ने बारेमा सहजीकरण गरिएको थियो ।

कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का मुख्य प्रबन्धक ईशा केसीले मानव स्वास्थ्य र वातावरणलाई राम्रो बनाउन यस कार्यक्रमले पूण सहयोग पुग्ने बताउनुभयो ।

उहाँले लघुवित्तले सदस्यहरूको समग्र विकासका क्षेत्रमा काम गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो । उक्त अवसरमा मुख्य प्रबन्धक केसीले सहभागी संस्थाका अध्यक्ष तथा प्रवन्धकहरूलाई विद्युतीय चुल्होसमेत हस्तान्तरण गर्नुभएको थियो । आगामी दिनमा विद्युतीय चुल्होलाई सहकारी संस्थामार्फत सदस्यहरूको पहुँचमा पुऱ्याउनेसमेत उहाँले बताउनुभयो ।

बुटवलमा संस्थाको स्तरीकरण तालिम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को आयोजनामा शाखा कार्यालय बुटवलको कार्य क्षेत्रका साझेदार संघसंस्थाहरूको स्तरीकरणसम्बन्धी तालिम सम्पन्न भएको छ । तालिममा स्तरीकरणको पद्धति, विधि र अभ्यासका बारेमा सहजीकरण गरिएको थियो ।

सहजकर्ता रोशन श्रेष्ठले संस्थाको समग्र पक्षको सुधारका लागि स्तरीकरणले सहयोग पुग्ने बताउनुभयो । तालिममा शाखा कार्यालय बुटवलका प्रमुख, कर्मचारी, विभिन्न साझेदार सहकारी संघसंस्थाका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

ग्रामीण उद्यम कर्जामार्फत जीवन बदल्दै किसानहरू

जीवनमा कोही नभए पनि कोही न कोही हुन्छ। जीवनमा आशा जीवित रहुन्जेल हरेक कुरा सम्भव छ। साना किसान कृषि सहकारी संस्थाका सदस्य किसानहरूमा अहिले आशा, विश्वास र भरोसा बढ्दै गएको छ। यसको कारण हो ग्रामीण उद्यम कर्जा। साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. मार्फत प्रवाह भइरहेको ग्रामीण उद्यम कर्जा लिएर उद्यम गरिरहेकाहरूको सफलता उन्मुख उचाइले यस कर्जाको प्रभावकारिता र सान्दर्भिकता बढाइरहेको छ।

कार्य क्षेत्रका अधिकांश सहकारी संस्थाका सदस्य र समूहमा लगानी भइरहेको ग्रामीण उद्यम कर्जाले किसानहरूको आयआर्जन बढाउनका साथै उद्यमशीलताको विकासमा समेत सहयोग गरिरहेको छ। सानो आकारमा उद्यम गरिरहेकाहरूलाई आफ्नो व्यवसाय विस्तारमा यस कर्जाले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ। कर्जा लिएर व्यवसाय बढाउने मात्र होइन नयाँ व्यवसाय गर्नेहरूसमेत बढेका छन्। व्यावसायिक वातावरणको निर्माणसँगै बजारीकरणमा समेत सहयोग पुगेको देखिन्छ। कृषि तथा पशुजन्य उत्पादनमा समेत यस कर्जाले सहयोग गरिरहेको छ।

हामीले ग्रामीण उद्यम कर्जामार्फत कर्जा लिएर विभिन्न उद्यम गरिरहेकाहरूको उद्यमको अवस्था, त्यसबाट प्राप्त लाभ, लगानी, आम्दानी, रोजगारी, स्वरोजगारी, उत्पादनको अवस्था, बजारीकरणको अवस्था लगायतका बारेमा स्थलगत अनुगमन समेत गर्दै आएका छौं। यसैका केही प्रतिनिधि झलकहरू यहाँ प्रस्तुत गरिएको छ।

इटहरीमा वार्षिक समीक्षा कार्यक्रम सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का साझेदार संस्थाहरूको वार्षिक समीक्षा कार्यक्रम इटहरीमा सम्पन्न भएको छ। शाखा कार्यालय इटहरी अन्तर्गतका जिल्लामा रहेका साना किसान कृषि सहकारी संस्था र समान प्रकृतिका संस्थाहरूले वार्षिक रूपमा गरेका कार्यहरूको बारेमा समीक्षा गरिएको हो।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघको संयुक्त आयोजनामा भएको कार्यक्रममा पछिल्लो आर्थिक वर्षमा सहकारी संघसंस्थाहरूले गरेको प्रगति र आगामी दिनको चुनौतीका बारेमा छलफल भएको थियो। कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघका अध्यक्ष खेमबहादुर पाठकले बदलिँदो अवस्थामा सहकारी क्षेत्रले विशेष ध्यान पुऱ्याउनुपर्नेमा जोड दिनुभयो। उहाँले सहकारी क्षेत्रको सुधार हुन नसके कुनै पनि क्षेत्रको सुधार नहुने भन्दै सहकारीले आफ्नो मूल्य मान्यता र सिद्धान्तलाई आधार मान कार्य गर्नुपर्नेमा जोड दिनुभयो।

उहाँले गाउँतहमा सहकारीले आर्थिक सामाजिक रूपान्तरणमा खेलेको भूमिका प्रशंसनीय रहेको समेत बताउनुभयो। कार्यक्रममा नेपाल कृषि सहकारी केन्द्रीय संघकी उपाध्यक्ष मीना ढकाल, सञ्चालक, महाप्रबन्धक रुद्र भट्टराई, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायब प्रमुख कार्यकारी अधिकृत पृथबहादुर थापा, नायब प्रमुख कार्यकारी अधिकृत झलेन्द्रभट्टराई लगायतको सहभागिता रहेको थियो।

ग्रामीण उद्यम कर्जामार्फत जीवन बदल्दै किसानहरू

जीवनमा कोही नभए पनि कोही न कोही हुन्छ । जीवनमा आशा जीवित रहुन्जेल हरेक कुरा सम्भव छ । साना किसान कृषि सहकारी संस्थाका सदस्य किसानहरूमा अहिले आशा, विश्वास र भरोसा बढ्दै गएको छ । यसको कारण हो ग्रामीण उद्यम कर्जा । साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. मार्फत प्रवाह भईरहेको ग्रामीण उद्यम कर्जा लिएर उद्यम गरिरहेकाहरूको सफलता उन्मुख उचाइले यस कर्जाको प्रभावकारीता र सान्दर्भिकता बढाइरहेको छ ।

कार्य क्षेत्रका अधिकांश सहकारी संस्थाका सदस्य र समूहमा लगानी भइरहेको ग्रामीण उद्यम कर्जाले किसानहरूको

आयआर्जन बढाउनका साथै उद्यमशीलताको विकासमा समेत सहयोग गरिरहेको छ । सानो आकारमा उद्यम गरिरहेकाहरूलाई आफ्नो व्यवसाय विस्तारमा यस कर्जाले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ । कर्जा लिएर व्यवसाय बढाउने मात्र होइन नयाँ व्यवसाय गर्नेहरू समेत बढेका छन् । व्यावसायिक वातावरणको निर्माणसँगै बजारीकरणमा समेत सहयोग पुगेको देखिन्छ । कृषि तथा पशुजन्य उत्पादनमा समेत यस कर्जाले सहयोग गरिरहेको छ ।

हामीले ग्रामीण उद्यम कर्जामार्फत कर्जा लिएर विभिन्न उद्यम गरिरहेकाहरूको उद्यमको अवस्था, त्यसबाट प्राप्त लाभ, लगानी, आम्दानी, रोजगारी, स्वरोजगारी, उत्पादनको अवस्था, बजारीकरणको अवस्था लगायतका बारेमा स्थलगत अनुगमनसमेत गर्दै आएका छौं ।

अनुगमनका क्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय काठमाडौंका अच्युत राज जोशी, रामकृष्ण गिरि, शाखा कार्यलय हेटौंडाका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

ग्रामीण उद्यम कर्जाबारे बुटवलमा कार्यक्रम सम्पन्न

साना किसान कृषि सहकारी संस्था लि. का कर्मचारीहरूलाई ग्रामीण उद्यम कर्जाको बारेमा सहजीकरण तालिम बुटवलमा सम्पन्न भएको छ । शाखा कार्यालय बुटवल अन्तर्गतका साना किसान कृषि सहकारी संस्थाका कर्मचारीहरूका लागि ग्रामीण उद्यम कर्जाको परिचालन, व्यवस्थापन र उपयोगिताका बारेमा जानकारी दिइएको थियो । साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले एशियाली विकास बैंकको सहयोगमा नेपाल सरकारमार्फत साना किसानहरूको उद्यमशीलता विकास गर्न ग्रामीण उद्यम कर्जा आफ्ना सदस्य संस्थामार्फत सामूहिक र एकल लगानीका उद्यम सञ्चालनका लागि प्रदान गर्दै आएको छ । यो कर्जामार्फत उद्यम सुरु गरेर कतिपय सदस्य किसानहरूले राम्रो आम्दानीसमेत गर्न थालिसक्नु भएको छ ।

अर्घाखाँचीमा एकदिने कार्यशाला गोष्ठी सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को आयोजनामा अर्घाखाँचीको सन्धिखर्कमा एकदिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ।

अर्घाखाँची जिल्लाका साझेदार साना किसान कृषि सहकारी संस्था लि. का अध्यक्ष तथा प्रबन्धकहरको सहभागितामा तम्घासमा भएको गो CLEAN COOKING SOLUTION PROJECT मार्फत कसरी लाभ लिन सकिन्छ भन्ने बारेमा सहजिकरण गरिएको थियो।

कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का मुख्य प्रवन्धक ईशा केसीले मानव स्वास्थ्य र वातावरणलाई राम्रो बनाउन यस कार्यक्रमले पूर्ण सहयोग पुग्ने बताउनुभयो। उहाँले लघुवित्तले सदस्यहरूको समग्र विकासका क्षेत्रमा काम गर्ने प्रतिबद्धतासमेत व्यक्त गर्नुभयो।

आगामी दिनमा विद्युतीय चुल्होलाई सहकारी संस्थामार्फत सदस्यहरूको पहुँचमा पुऱ्याउनेसमेत उहाँले बताउनुभयो। कार्यक्रममा जिल्लाका विभिन्न संघसंस्थाका करिब ५० जनाको सहभागिता रहेको थियो।

ग्रामीण उद्यम कर्जाको सकारात्मक प्रभाव बढ्दो

ग्रामीण उद्यम कर्जामार्फत एकल र सामूहिक रूपमा भएको लगानीको प्रतिफल देखिन थालेको छ। विभिन्न जिल्लाका साना किसान कृषि सहकारी संस्थाका सदस्य किसानहरूलाई एकल र सामूहिक रूपमा भएको लगानीका प्रतिफलहरू देखिन थालेको हो। यसैक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रतिनिधिहरूको उपस्थितिमा महोत्तरीको बर्दिवास शाखा कार्यालय अन्तर्गतका विभिन्न परियोजनाहरूको अनुगमन गरिएको छ। व्यवसाय र उद्यमका क्षेत्रमा साना किसानहरूलाई सहयोग पुऱ्याइरहेको ग्रामीण उद्यम कर्जाको क्षेत्र अझै विस्तार हुँदै गइरहेको छ। किसानहरूले अन्य शीर्षकको भन्दा सहज र सस्तो दरमा यो कर्जा प्राप्त गर्न सक्ने भएका कारण पनि यस कर्जामार्फत उद्यम गर्नेहरूको संख्या बढिरहेको देखिन्छ।

ग्रामीण उद्यम कर्जाबारे कैलालीमा ३ दिने प्रशिक्षण सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. शाखा कार्यालय अत्तरियाको आयोजनामा कैलालीमा रहेका साझेदार साना किसान कृषि सहकारी संस्थाका कर्मचारीहरूलाई ३ दिने ग्रामीण उद्यम कर्जा व्यवस्थापनसम्बन्धी तालिम सम्पन्न भएको छ।

सदस्य किसानहरूको आय बढाई कृषि तथा पशुपालन क्षेत्रमा उद्यम गर्नसक्ने वातावरणको विकास गराउने उद्देश्यका साथ एशियाली विकास बैंकको सहयोगमा नेपाल सरकारमार्फत साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. ले ग्रामीण उद्यम कर्जा प्रवाह गरिरहेको छ। यस कर्जाको बारेमा कर्मचारीहरूलाई बढीभन्दा बढी जानकारी दिने उद्देश्यका साथ यो तालिमको आयोजना गरिएको संस्थाले जनाएको छ।

काभ्रेमा साना किसान कृषि सहकारी संस्थाहरुको समीक्षा गोष्ठी सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को आयोजनामा काभ्रेको बनेपामा वार्षिक समीक्षा सम्पन्न भएको छ। दोलखा, रामेछाप, नुवाकोट, सिन्धुपाल्चोक, काठमाण्डौ, भक्तपुर, ललितपुर जिल्लामा रहेका साना किसान कृषि सहकारी संस्थाको सहभागितामा वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का अध्यक्ष खेमबहादुर पाठकले आर्थिक अवस्था सुधारका लागि साना किसानको भूमिका महत्त्वपूर्ण रहेको बताउनुभयो। उहाँले तीनै तहका सरकारसँग मिलेर अगाडि बढ्नसमेत सबै साना किसान कृषि सहकारी संस्थाहरूलाई अनुरोध गर्नुभयो।

कार्यक्रममा नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का महाप्रबन्धक रुद्र भट्टराई, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायव प्रमुख कार्यकारी अधिकृत पृथबहादुर थापा, नायव प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराई, मुख्य प्रबन्धक अन्नपूर्ण श्रेष्ठ लगायतको उपस्थिति थियो।

बारामा वार्षिक समीक्षा गोष्ठी सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को आयोजनामा बाराको सिमरामा वार्षिक समीक्षा गोष्ठी सम्पन्न भएको छ। लघुवित्तको शाखा कार्यालय हेटौंडाअर्न्तगत रहेका बारा, पर्सा लगायतका जिल्लाका साना किसान कृषि सहकारी संस्थाको सहभागितामा वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का अध्यक्ष खेमबहादुर पाठक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का महाप्रबन्धक रुद्र भट्टराई, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायब प्रमुख कार्यकारी अधिकृत पृथबहादुर थापा, नायब प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराई लगायतको सहभागिता थियो। यसैगरी, कार्यक्रममा संस्थाका प्रतिनिधिहरुले आफ्नो संस्थाले वर्षभर गरेका कार्यक्रम बारेमा प्रस्तुति गर्नुभएको थियो।

साना किसानको बुटवलमा वार्षिक समीक्षा गोष्ठी सम्पन्न

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को आयोजनामा रूपन्देहीको बुटवलमा वार्षिक समीक्षा गोष्ठी सम्पन्न भएको छ । लघुवित्तको शाखा कार्यालय बुटवलअर्न्तगत रहेका विभिन्न जिल्लाका साना किसान कृषि सहकारी संस्थाको सहभागितामा वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको हो ।

कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का अध्यक्ष खेमबहादुर पाठक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का महाप्रवन्धक रुद्र भट्टराई, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नायव प्रमुख कार्यकारी अधिकृत पृथबहादुर थापा, नायव प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराई, मुख्य प्रबन्धक लीलाधर घिताल, शाखा कार्यालय प्रमुख लगायतको सहभागिता रहेको थियो । यसैगरी, कार्यक्रममा संस्थाका प्रतिनिधिहरुले आफ्नो संस्थाले वर्षभर गरेका कार्यक्रम बारेमा प्रस्तुति गर्नुभएको थियो ।

सिरहाको लहानमा वार्षिक समीक्षा गोष्ठी सम्पन्न

सिरहाको लहानमा वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ । साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को आयोजनामा लहानमा वार्षिक समीक्षा गोष्ठी सम्पन्न भएको छ।

कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का अध्यक्ष खेमबहादुर पाठक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का महाप्रवन्धक रुद्र भट्टराई, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नयब प्रमुख कार्यकारी अधिकृत पृथबहादुर थापा, नायव प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराई लगायतको सहभागिता थियो । यसैगरी, कार्यक्रममा संस्थाका प्रतिनिधिहरूले आफ्नो संस्थाले वर्षभर गरेका कार्यक्रम बारेमा प्रस्तुति गर्नुभएको थियो ।

साना किसानको धनगढीमा वार्षिक समीक्षा गोष्ठी सम्पन्न

साना किसान कृषि सहकारी संघसंस्थाहरूको वार्षिक समीक्षा कार्यक्रम कैलालीको धनगढीमा सम्पन्न भएको छ।

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. को आयोजनामा धनगढीमा वार्षिक समीक्षा गोष्ठी सम्पन्न भएको छ।

कार्यक्रममा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. र नेपाल कृषि सहकारी केन्द्रीय संघ लि. का अध्यक्ष खेमबहादुर पाठक, नेपाल कृषि सहकारी केन्द्रीय संघका सञ्चालक धर्मसिंह कुँवर, संघका महाप्रबन्धक रुद्र भट्टराई, साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का नयब प्रमुख कार्यकारी अधिकृत पृथबहादुर थापा, नायब प्रमुख कार्यकारी अधिकृत झलेन्द्र भट्टराई लगायतको सहभागिता रहेको थियो। यसैगरी, कार्यक्रममा संस्थाका प्रतिनिधिहरूले आफ्नो संस्थाले वर्षभर गरेका कार्यक्रम बारेमा प्रस्तुति गर्नुभएको थियो।

साना किसान विकास लघुवित्ती वित्तीय संस्था लिको आयोजनामा साझेदार लुधवित्त वित्तीय संस्थाहरुको आ.व. २०७९/०८० को वार्षिक समीक्षा गोष्ठी काठमाण्डौमा गरिएको छ । साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. सँग साझेदारी गरिरहेका विभिन्न ३० वटा लघुवित्त वित्तीय संस्था लि. का प्रमुख एवं प्रतिनिधिहरुको सहभागितामा भएको गोष्ठिमा लघुवित्तले नेपालमा गरिरहेको काम र यसको प्रभावकारीताका विषयमा छलफल भएको थियो । कार्यक्रम साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का अध्यक्ष श्री खेम बहादुर पाठकको अध्यक्षता, प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइराला, नायब प्रमुख कार्यकारी अधिकृतहरु, विभागीय प्रमुख, कर्मचारी लगायतको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रमका केही झलकहरु:



ग्रामीण विपन्न तथा
साना किसानको वित्तीय
कर्जाको योगदान

संस्थामा आवद्ध लैङ्गीक
सङ्ख्या प्रतिशत



साझेदार सहकारी संस्था जम्मा
१ हजार ७ सय १२

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.
बबरमहल, काठमाडौं, नेपाल
फोन नं.: ०१-५३२०९१३, ०१-५९०५६१२, ०१-४१११८९५
Email: info@skbbl.com.np

Print: Sky Press, Kathmandu #9851138805